महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

आर्थिक वर्ष - २०८१/८२

सायल गाउँपालिका, डोटी

८०७७१५०७३००

डोटी

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
सुदूरपश्चिम प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:२०८२/८३ मिति : २०८२-९-८
च.न :

विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।

श्री कार्यालय प्रमुख ज्यु ,
सायल गाउँपालिका, डोटी ,
डोटी

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०८१।८२ को एकीकृत वित्तीय विवरण तथा सोसँग सम्बन्धित अनुसूची, टिप्पणीहरू तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८२।०७।२५ मा छलफल पश्चात् तयार गरिएको प्रारम्भिक प्रतिवेदन यसैसाथ संलग्न छ।
कार्यालयबाट पेस भएको वित्तीय विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो। लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम वित्तीय विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो। प्रतिवेदनमा उल्लिखित बेहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ३७(१) बमोजिम ३५ दिनभित्र फर्स्यौट गरी सम्परीक्षण गराउनु हुनेछ। उक्त समयभित्र फर्स्यौट गरी सम्परीक्षण नगराएमा ऐनको दफा ३७(४) बमोजिम लेखाउत्तरदायी अधिकृत/कार्यपालिका प्रमुखलाई जानकारी गराइने बेहोरा निर्देशानुसार अनुरोध गर्दछु।

रामचन्द्र पौडेल
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाण्डौं ।, info@mofaga.gov.np
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, डोटी ।,
doti.dtco@fcgo.gov.np
श्री प्रदेश लेखा इकाई कार्यालय, डोटी ।,
pauodoti@gmail.com

परिचय

१

परिचय

(क) कार्यालय परिचय :- संघ, प्रदेश एवं स्थानीय तहमै उपलब्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाइ प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु पालिकाको मुख्य उद्देश्य छ ।गाउँपालिकामा ६ वडा, क्षेत्रफल १२२.७२ वर्ग किलोमिटर तथा २०,४५६ जनसंख्या रहेको छ ।यस पालिकाको स्थापना २०७४ सालमा भएको हो।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।७।२१ देखि २०८२।७।२५ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- गाउँपालिकाको आय ब्यय तर्फ रु. ८७८००१३९७।४६ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(ज) वित्तीय प्रतिवेदन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको आय र व्ययको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छ ।

एकीकृत आर्थिक विवरण **2081 । 82**							
सायल गाउँपालिका डोटी							
	आय तर्फ				व्यय तर्फ		
सि.नं.	विवरण	रकम रु	जम्मा रकम रु	सि.नं.	विवरण	रकम रु	जम्मा रकम रु

१	गतवर्षको जिम्मेवारी (अ.ल्या)	७५२९२३१.५४	७५२९२३१.५४	१	खर्च	३२८६६४२०५.८८	३२८६६४२०५.८८
	(क) नगद	0			(क) चालु खर्च	२५१३१९६३७.८८	
	(ख) संचितकोष मौज्दान	४८१६२७०।३२			(ख) पुँजीगत खर्च	७७३४४५६८	
	(ग) धरौटी कोष मौज्दात	२४८९३०४।७४		२	अन्तर स्थानीय तह तर्फ	९९०६६४५२.६२	९९०६६४५२.६२
	(घ) कार्य संचालन कोष	२५२९६१।४८					
२	राजश्व (आन्तरिक आय)	८८२१०४८३।९२	८८२१०४८३।९२		(क) विद्यालय शिक्षा क्षेत्र योजना	०	
३	आन्तरिक राजश्व	५०५४४९१।०५	५०५४४९१।०५		(ख) सामाजिक सुरक्षा	९८७४६४५२।६२	
४	राजश्व बाँडफाँड संघ	८१३३४३८४।८५	८१३३४३८४।८५		(ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	३२००००	
५	राजश्व बाँडफाँड प्रदेश सरकार	१७९२३०३।०२	१७९२३०३।०२		कोष खाता तर्फ	२५४६६२६।५१	२५४६६२६।५१
६	वित्तीय हस्तान्तरण संघ	२१७३५८७८२।२३	२१७३५८७८२।२३	३	(क) धरौटी फिर्ता	८३५१३३।०३	
	(क) वित्तीय समानिकरण अनुदान	७४६००८८०।००			(ख) प्रकोप व्यवस्थापन कोष	०	
	(ख) सशर्त अनुदान नगद	१३५८४९४५६।२०			(ग) कार्य संचालन कोष खाता	१७११४९३	
	(ग) समपुरक अनुदान	०		४	मौज्दात		८७२३४१३।७२
	(घ) विशेष अनुदान	६९०८४४६।००			(क) बैंक मौज्दात	४०८८१२३।७०	
७	प्रदेश सरकारबाट प्राप्त अनुदान		२३२७१७६१।००		(ख) विविध खर्च खाता	९७६३९४।३१	
	(क) वित्तीय समानिकरण अनुदान	६८५५०००।००			(ग) आकस्मिक कोष	६६११९९।००	६६११९९।००
	(ख) सशर्त अनुदान	६२६५५०१।००			(घ) धरौटी बाँकी	२९९७६९६।७१	
	(ग) समपुरक अनुदान	३६६०८३२।००					

	(घ) विशेष अनुदान	६४९०४२८।००					
	(ङ) अन्य अनुदान						
८	अन्तर **स्थानीय तहबाट प्राप्त**	९९०६६४५२.६२	९९०६६४५२.६२				
	(क) सामाजिक सुरक्षा	९८७४६४५२।६२					
	ख स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	३२००००।००					
	(ग) विद्यालय शिक्षा क्षेत्र योजना	0					
९	कोष **खाता तर्फ**	३५६३९८७।४२	३५६३९८७।४२				
	(क) कार्य संचालन कोष खाता	१५५९२६३.४२					
	(ख) धरौटी आम्दानी	१३४३५२५					
	(ग) आकस्मिक कोष खाता	६६११९९					
		जम्मा	४३९०००६९८।७३			जम्मा	४३९०००६९८।७३

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आन्तरिक व्यवस्थापन**

२.१ **आन्तरिक नियन्त्रणः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ मा पालिकाको कारोवारको आकार, जटिलता तथा संरचना बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । यस सम्बन्धमा देखिएका थप व्यहोरा देहाय अनुसार छन ।

क) वजेट व्यवस्थापनतर्फः

- स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको ।
- दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकीकृत दीर्घकालीन योजना तयार नगरेको ।
- स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको ।

ख) खरिद व्यवस्थापन तर्फः

- स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको ।
- सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको ।
- सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी नभएको ।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने मालसामानको गुणस्तर परीक्षण नगरेको ।
- उपभोक्ता समितिलाई दिएको कामको अनुगमन गरेतापनि अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोराको सुधार प्रभावकारी नभएको ।
- स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन देखिने अभिलेख नराखेको ।

ग) शिक्षा तर्फः

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरी अनुगमन नगरेको । अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको ।
• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ को नियम १६ (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागि सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको,
• गाउँपालिकामा रहेका ३ निजी विद्यालयको अनुगमन नगरेको ।

घ) विविधः

• कार्यालयले विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न नगरेको ।
• कार्यालयले खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने परिपाटी पूर्णरुपमा कायम नरहेको,
• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फाराममध्ये कार्यालयसँग सम्बन्धित फाराम भरी अभिलेख नराखेको ।
• गाउँपालिकाले गोश्वरा भौचर लगायतका कागजात पूर्णरुपमा प्रमाणित गरी नराखेको ।
• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।
• भ्रमण खर्च नियमावली २०६४ को नियम ४(१) अनुसार सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले सम्भव भएसम्म किफायती र कम खर्चिलो बाटो वा सवारी साधन प्रयोग गरी भ्रमण गर्नुपर्नेमा गाडी भाडामा लिई खर्च गरेको ।
• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७६ को नियम ४७(१) मा पेश्की लिंदा त्यसको विवरणको आधारमा कार्यालय प्रमुखले सम्बन्धित कामको लागि आवश्यक पर्ने रकमभन्दा बढी नहुने गरी पेश्की दिनुपर्ने व्यवस्था रहेकोमा पालिकामा पेश्की लागत अनुमान तथा विवरण विना नै पेश्की लिने/दिने गरेको ।
• ई-हाजिरीको उपयोग नगरेको ।
• गाउँपालिकाले इएफटीको उपयोग २०८२ वैशाखदेखि मात्र आंशिकरुपमा गरेको । करार कर्मचारी तथा विद्यालय शिक्षकको तलव इएफटी मार्फत भुक्तानी नगरेको ।
• गाउँपालिकाले गोश्वरा भौचर लगायतका कागजात प्रमाणित गर्नुपर्ने देखिएको ।
• गाउँपालिकाले समयमा योजना सम्पन्न गर्न पर्याप्त ध्यान नदिएको ।
• निर्माण कार्यको बीमा गर्दा संझौतासँगै नगरेको ।
• भ्रमण अभिलेख राखा नराखेको ।
• जिन्सी निरीक्षण प्रतिवेदन तयार नगरेको ।
• कोटेशनबाट निर्माण कार्य गराउँदा धरौटी कट्टि नगरेको ।(गोभौ २२२।०८२।३।२४ गाउँपालिका पुँजीगत)
उल्लिखित ब्यहोरामा सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ, प्रभावकारी र विश्वसनीय बनाउनुपर्दछ ।

ङ) **वित्तीय विवरण तर्फः** गाउँपालिकाले सुत्रबाट सिर्जना गरेको मलेपफान २७० अनुसूचिमा समावेश गरिएको छ । गाउँपालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु ९८७४६४५२।६२ र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु ३२००००।०० समावेश गर्न बाँकी देखियो। सवै कारोवार देखिने गरी एकीकृत वित्तीय विवरण तयार गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२.२ **सम्भाव्यता अध्ययन/डी.पी.आर -** सार्वजनिक खरिद ऐन, 2063 को दफा 8 र 9 मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरी परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यकताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले सम्भव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा गत वर्ष १ कार्यमा रु ४९९९४३।०० र यो वर्ष २ कार्यमा रु.१०९७०००।०० समेत रु १५९६९४३।०० खर्च गरेको छ। यसरी सम्भाव्यता अध्ययन/डी.पी.आर गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन। यस्ता डी.पी.आर तथा प्रतिवेदन खरिद गर्दा ती आयोजना एव कार्यक्रमको लागि बजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा समेत कार्यालयले पर्याप्त ध्यान पुर्‍याएको छैन। प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्‍याउनुपर्दछ।

आर्थिक वर्ष २०८१/८२ मा भएका डीपीआर

कार्य विवरण	परामर्शदाता	लागत अनुमान रु.	खर्च रु	अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत रु	कार्य संचालन/ सम्पन्न भए नभएको
DPR of Ghogatal Water Supply Project	R R Design and Builders Pvt. Ltd	3,23,260.37	3,07,000	82,93,499.23	कार्य संचालन भई अन्तिम चरणमा रहेको

DPR of Jhalana Dekhi Gwani Oodbata, Dhamilusa ra Mudhbhara Water Supply Project	K S Engineering Consultancy Pvt. Ltd	8,02,749.82	7,90,000	1,20,72,118.27	कार्य संचालन भई अन्तिम चरणमा रहेको
	जम्मा		१०९७०००।००		

सैद्धान्तिक बेरुजु

२.३ **सूचनाको हकको सम्बर्द्धन, संरक्षण र प्रचलनः** सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा नियमावली, २०६५ बमोजिमको तोकिएका सूचनाको हकको सम्बर्द्धन, संरक्षण र प्रचलन गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले यस सम्बन्धमा प्रभावकारी कार्य सम्पादन गरेको देखिएन । यस सम्बन्धमा देखिएका थप ब्यहोराहरु निम्न छन ।

- सूचना अधिकारी तोकेको ।
- सूचना वर्गीकरण र अद्यावधिक नगरेको ।
- तीन-तीन महिनामा स्वतः प्रकाशन गर्नुपर्ने विवरण प्रकाशित नगरेको ।
- कार्यालयको वेवसाइट रहेको ।
- कार्यालयसँग माग गरिएको सूचना र उपलव्ध गराएको सूचनाको विवरणको छुट्टै अभिलेख नराखेको ।

उल्लिखित ब्यहोरालाई ध्यान दिई सूचनाको हकको सम्बर्द्धन, संरक्षण र प्रचलनमा सहजीकरण र नागरिकमैत्री बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२.४ **कार्यक्रम संचालनः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१(च) अनुसार कार्यक्रम संचालन गर्दा संभव भएसम्म कर्मचारीलाई पेश्की नदिई मितब्ययिता कायम हुने गरी प्रतिस्पर्धा मार्फत खरिद गर्नुपर्ने ब्यवस्था छ ।गाउँपालिकामा शिक्षा अधिकृतको रुपमा कार्यरत हर्क वहादुर साफरीले यो वर्ष २०८२ वैशाखदेखि आषाढसमम्मा निजको मासिक खुद तलव रु ४८३५३।९६ रहेकोमा शिक्षा सम्मेलनमा १२४९६५५।०० तथा प्रधानाध्यापक वैठक संचालनमा रु १४७०५००।०० लगायतमा गरी खुद रु २८६७८९४।८८ भुक्तानी लिएको देखियो । प्रतिस्पर्धाबाट खरिद गर्नुपर्ने मालसामान तथा सेवा आफैंले खरिद गरेको देखिएको (सूत्र सफ्टवेयरबाट प्राप्त विवरणबाट) छ । नियममा तोकिए अनुसार कार्यक्रम संचालन गरी सम्बन्धितलाई नै भुक्तानी गर्ने ब्यवस्था मिलाई प्रतिस्पर्धा मार्फत खरिद कार्य गरी सम्बन्धित आपुर्तिकर्तकै नाममा भुक्तानी हुने तथा पेश्की दिई कार्यक्रम संचालन गर्दा मितब्ययी हुने तरिका नअपनाई गरेको खर्च मनासिब देखिएन । यसप्रकारले गर्ने खर्चमा नियन्त्रण गरी कार्यक्रम संचालन गर्न आवश्यक पर्ने सामान र सेवाको विवरण/सुची तयार गरी प्रतिस्पर्धा मार्फत खरिद गरी कार्यक्रम संचालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२.५ **गाउँपालिका संचालन खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१(छ) मा सरकारी रकम खर्च गर्दा उपलव्ध स्रोत, साधन तथा सम्पतिको समुचित उपयोग भएको (गतवर्षको तुलनामा) सुनिश्चित हुनुपर्ने विषय समावेश छ । गाउँपाालिकाले यो वर्ष देहायका खर्च शीर्षकमा गतवर्षको तुलनामा इन्धन पदाधिकारी र कार्यालय प्रयोजनमा उच्च बृद्धि गरेको पाइयो । वडा संख्या ६ रहेको यो गाउँपालिकाले यस्ता खर्चको पुनः मूल्यांकन तथा एकीन गरी यस्ता खर्चमा कटौती तथा नियन्त्रण गरी मितब्ययिता अपनाउनुपर्दछ ।

खर्च शीर्षक नं.	खर्च शीर्षक	खर्च रु	गतवर्षको खर्च रु	घट।बढ रु
२२७२१	सभा संचालन खर्च	४०००००।००	२५५०००।००	१४५०००।०० बढेको ।
२२७११	विविध खर्च	१२०००००।००	१२०००००।००	घटबढ नभएको ।
२२३११	मसलन्द तथा कार्यालय सामग्री	५३७००००।००	४०९८०००।००	१२७२०००।०० बढेको ।
२२२१२	इन्धन कार्यालय प्रयोजन	१५९००००।००	११८७०००।००	४०३०००।०० बढेको ।
२२२१३	सवारी साधन मर्मत खर्च	१०५००००।००	१२०००००।००	१५००००।०० बढेको ।

सैद्धान्तिक बेरुजु

२.६ **प्रहरी चौकीका लागि जग्गा खरिदः** अन्तर सरकारी वित्तीय हस्तान्तरण ऐन, २०७४ अनुसार संघीय मामिला तथा सामान्य प्रशासन

मन्त्रालय र गृह मन्त्रालयको स्वीकृतिमा मात्र वजेट हस्तान्तरण गर्न सकिने उल्लेख छ । गाउँपालिकाले दौड प्रहरी चौकी देवरमाण्डौंलाई जग्गा खरिद गर्न गतवर्ष रु. ५०००००।०० र यो वर्ष रु ७००००।०० गरी रु ५७००००।०० उपलव्ध गराएको पाइयो । तालुक निकायसाँग समन्वरी नगरी प्रहरी चौकीका लागि जग्गा खरिद गर्न मनासिब देखिएन । ऐन अनुसार मात्र प्रहरी चौकीका लागि जग्गा खरिद गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३ **आन्तरिक व्यवस्थापन**

३.१ **आर्थिक प्रशासन संचालनः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन , २०७६ को दफा ५४ अनुसार आर्थिक प्रशासन संचालन गर्दा दफा ५५ बमोजिम सरकारी सम्पत्तिको संरक्षण तथा तोकिएको काममा प्रयोग गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले सरकारी सम्पत्ति संरक्षण तथा उपयोग सम्बन्धमा देखिएका बेहोराहरु देहायबमोजिम रहेका छनः

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन,

· विभिन्न म.ले.प.फा.नं. का अतिरिक्त आन्तरिक नियन्त्रण सम्वन्धित प्रयोजनका लागि निर्धारित म.ले. प.फा.नं. मध्येसवारी साधन र मेसिन प्रयोगको लगबुक ९०५, भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीको भ्रमण अभिलेख खाता ९०८, भ्रमण प्रतिवेदन ९०९ र म.ले.प.फा.नं. २०२ भुक्तानी कारोबारको सिफारिस पत्र प्रयोगको पूर्णरुपमा प्रयोगमा ल्याएको पाइएन,

· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन, साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,

· विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहँदा पुँजीगत, निर्माणमुखी रहेको पाईएन,

· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो,

· वडा कार्यालयमा रहेका जिन्सी सामानको अभिलेख PAMS मा र पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन,

· जिन्सी निरीक्षण प्रतिवेदन पेश नहुँदा विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्ने नपर्ने के हो एकीन भएन,

· पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नुपर्नेमा तोकेको पाईएन,

· अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ का दफा ३० को (३) बमोजिम नेपाल सरकार, प्रदेश र स्थानीय तहले बजेट कार्यान्यनको वार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्वजनिक गर्नुपर्ने व्यवस्थाको पालना गरेको पाईएन,

· ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता (म.ले.प.फा.नं. ५०७) र कन्टिन्जेन्सी खाता राखेको पाईएन,

· सार्वजनिक खरिद नियमावली, २०६४को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

· सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनुपर्ने एवं रोयल्टी भुक्तानीका सबै प्रमाण सहित विल भर्पाई पेश गर्नुपर्नेमा अधिकांशतः पालना भएको पाईएन,

· वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाईएन,

· सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन तथा नियमावली अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

· सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐनबमोजिम सबै कर्मचारीलाई निजहरुले गर्नुपर्ने कामको कार्य विवरण बनाई लागु गरेको पाईएन,

· सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग सो अनुरुप सूचना प्रबाहको अवस्थावा सूचना दिन इन्कार गरेको अभिलेख व्यबस्थापन गरेको पाईएन,

· वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मिटरसम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नति लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिमरु.५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख राखेको पाइएन,

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख राखेको पाईएन,

· सार्वजनिक सम्पत्ति व्यवस्थापनका लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) पूर्णरुपमा लागू गर्नुपर्नेमा नगरेको कारण पालिकाको सम्पूर्ण सार्वजनिक सम्पत्ति तथा सोको मौद्रिक मूल्य सम्वन्धमा एकिन गरेको पाइएन,

· विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाईएन,

· स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा अधिकांश कामको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाईएन,

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृतिदिन सक्ने व्यवस्था भएकोमासो अनुसार गरेको पाईएन,

· स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको पाईएन, साथै यस वर्ष निर्माण गरेका सबै पुँजीगत कार्यको फोटो राखे गरेको पाइएन।

· दिगो विकास लक्ष्य (सन२०१६-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालीन लक्ष्यहरु तोकी मूल्याङ्कन गर्ने कार्य भए गरेको पाईएन,

· स्थानीय तहले विद्यालयगत रकम निकासा खाता राखेको पाईएन,

· यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन गरी नियमानुसार पेश्की फस्यौंट तथा बेरुजु सम्परीक्षण गरी बेरुजू लगत तथा सम्परीक्षणको अभिलेखअध्यावधिक गरी राखुपर्नेमा राखेको पाईएन,

तसर्थः गाउँपालकिाको आर्थिक प्रशासनलाई व्यवस्थित रुपमा संचालन गर्न उल्लिखित बेहोरामा सुधार गरी गाउँपालिकाको समग्र कार्यसम्पादन अनुकरणीय बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

३.२ **आय अनुमान**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्थाछ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर अनुमानित रु.४७०००००।००प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष२०८१।८२ मा रु ५०५४४९१।०५ अर्थात अनुमान भन्दा ७.५३ प्रतिशत बढी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ निरन्तरता आवश्यक देखिएको छ।

सैद्धान्तिक बेरुजु

३.३ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्नसक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१/ ८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
३३७८४४३९४।९८	५०५४४९१।०५	१.४९

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.४९ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

३.४ **तीन वर्षको आन्तरिक आयको अवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

आ.व.	आय अनुमान	संकलित रकम	प्रतिशत
२०७९/८०	३९०००००।००	२८७०६५८।७०	७३.५८
२०८०/८१	३४०००००।००	३२६५५२९।७२	९६.०२
२०८१/८२	४७०००००।००	५०५४४९१।०५	१०७.००

गाउँपालिकाले उपलब्ध गराएको विवरण अनुसार आर्थिक वर्ष २०७९/८० मा रु.३९०००००।०० आय अनुमान गरिएकोमा ७३.५८ प्रतिशत संकलन भएको छ। त्यसैगरी आर्थिक वर्ष २०८०/८१ मा रु.३४०००००।०० आय अनुमान गरिएकोमा ९६.0२ प्रतिशत संकलन भएको देखिन्छ। आर्थिक वर्ष २०८१/८२ मा रु. ४७०००००।०० आय अनुमान गरिएकोमा १०७.०० प्रतिशत संकलन भएको छ। पालिकाको तीन वर्षको आन्तरिक आय बढ्दो क्रममा भएतापनि पालिकाको प्रशासनिक खर्चको तुलनामा आन्तरिक आयको अंश न्यून रहेको देखिन्छ। अत: पालिकालेआफ्नो क्षेत्रभित्र करदाताको विवरण अद्यावधिक गर्नुको साथै पालिका भित्रका सम्पूर्ण आर्थिक कारोवारहरुलाई करको दायारामा ल्याई आन्तरिक आय वृद्धि गर्ने तर्फ जोड दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

३.५ **कर तथा शुल्क असुली**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
सम्पति कर	१०००००।००	९९०६९।०६	००
भूमिकर/ मालपोत कर	४३७०००।००	२३७५६३।०७	२४.०१
बहाल कर		४३३४२।९२	
घरजग्गा रजिष्ट्रशन दस्तुर	००	००	००
व्यवसायले भुक्तानी गर्ने	००	४३०१०।००	
व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने	००		
कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर		५००	
अन्य कर	५००००।००	१०२००।०४	२०.४०
सरकारी सम्पतिको बहालबाट प्राप्त आय		००	००
विधुतीय सेवा शुल्क	००	००	००
परीक्षा शुल्क	००	२००	
अन्य प्रशासनिक सेवा शुल्क	१८०००००।००	५३७६००।०४	२९.८६
नक्सापास दस्तुर	००	००	००
सिफारिस दस्तुर	११०३०००।००	३४८७००।००	
व्यक्तिगत घटना दर्ता दस्तुर	४०००००।००	४३०६००।००	
नाता प्रमाणित दस्तुर	३००००।००	३६८५०।००	
अन्य दस्तुर	१००००।००	५४३००।००	
व्यवसाय रजिष्ट्रशन दस्तुर	५००००।००	६७६००।००	९.६४
अन्य क्षेत्रको आय		३५२५९५१।९२	
प्रशासनिक दण्ड जरिवाना र जफत	३००००।००	५५०।००	
धरौटी सदरस्याहा		१९३८२८।००	
अन्य राजस्व	१८५००००।००	१९३८२८।००	१०.४७
व्यवसाय कर		१२०००।००	
बेरुजु	५०००००।००	५७०७९।०००	
जम्मा	४७०००००।००	५०५४४९१।०५	

गाउँपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित अनुमान र असुली यथार्थ मान्नसक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

३.६ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्कको कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्नसक्ने अवस्था छैन। तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

३.७ **सवारी कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ। सम्वन्धित निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानुपर्दछ।

सैद्धान्तिक बेरुजु

३.८ **मनोरञ्जन कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०८१/८२ मा पालिकाले कूनैपनि मनोरञ्जन कर संकलन गरेको पाईएन। यस पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३.९ **विज्ञापन कर**ःनेपालको संविधानको अनुसुची ९ को बुँदा नं. ४ मा विज्ञापन करको अधिकार क्षेत्र स्थानीय तहलाई तोकिएको छ। सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०८१ को दफा ५ मा विज्ञापन कर लगाउन र उठाउन पाइने अधिकार स्थानीय तहलाई दिइएको छ। सामाजिक संजाल मार्फत हुने विज्ञापनलाई कानुनको दायरामा ल्याउन सकिएको देखिएन। पालिकाको आर्थिक ऐन, २०८१ मा होर्डिङ वोर्ड ब्यानर तथा माईकिङ मार्फत गरिने विज्ञापनलाई मात्र कर लगाउने व्यख्या गरिएको भए पनि यो वर्ष विज्ञापन कर असुल गरेको देखिएन। त्यसैगरी पालिकाले सामाजिक सञ्जाल फेसबुक युटुव ईन्सग्राम जस्ता विद्युतीय संजाल मार्फत गरिने विज्ञापनलाई करको दायरामा ल्याउन सकिएको देखिएन। सामाजिक सञ्जाल तथा विद्युतीय प्लाटफर्म मार्फत गरिने विज्ञापनहरुला समेतलाई आर्थिक ऐनले समेटी उपयुक्त प्रणालीको विकास गरी करको दायरा फराकिलो बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

३.१० **प्रदेश कानूनको कार्यान्वयन** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३ मा स्थानीय तहले स्थानीय कानुन बमोजिम अनुसूची - ३ मा उल्लिखित कर तथा तथा गैर कर लगाउन र उठाउनसक्ने तथा ऐनको अनुसूची - ३ मा स्थानीय तहले सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क आदि कर संकलन गर्दा प्रदेशले तोकेको उल्लिखित कर समेत संकलन गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले उल्लिखित कर अधिकारलाई कार्यान्वयनमा ल्याई कर संकलन गर्न सकेको देखिएन। सुदूरपश्चिम प्रदेशले तोकेको दरमा कर असुल गर्ने राजस्व संकलन नीति कार्यान्वयनमा ल्याई स्थानीय कराधिकार फराकिलो बनाउन पालिकाले ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

३.११ **ढिला राजस्व दाखिला गरेको**ः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७(१) मा प्रचलित कानून बमोजिम सरकारलाई प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी दफा २८(२) बमोजिम आफ्नो जिम्मामा रहेको नगदी दाखिला गर्न बाँकि रहेकोमा कार्यालय प्रमुखले १० दिन सम्म ढिला गरेकोमा दश प्रतिशत जरिवाना सहित दाखिला गर्न लगाउने र सो भन्दा ढिलो गरेमा दश प्रतिशतले जरिवाना गर्न लगाई कसुरको मात्रा अनुसार विभागीय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था छ। पालिका अन्तर्गतका अधिकांश वडा सचिवहरुले राजस्व आम्दानी अनलाईन प्रणालीबाट राजस्व दाखिला गरिएको देखियो। भौगोलिक दूरीका कारण समयमै राजस्व बैंक दाखिला समयमै गर्न सकिएन। यस प्रणालीको थप प्रभावकारी बनाई राजस्व संकलनलाई प्रभावकारी बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

३.१२ **कम्प्युटर लेखा प्रणाली:**पालिकाले लेखा दोहोरो लेखा प्रणाली बमोजिम आर्थिक कारोवारलाई नियमित र व्यवस्थित गर्न प्रचलनमा रहेकोराजस्व व्यवस्थापन सुचना प्रणालीप्रयोग गरेको पाइयो। पालिकाबाट आर्जन हुने आम्दानीलाई राजस्व व्यवस्थापन सूचना प्रणाली व्यवस्थित गरी आन्तरिक आय अर्न्तगत रु.५०५४४९१।०५आय देखाएको पाइयो। प्राविधिक विषयको कारण आम्दानीको सफ्टवेयर सिस्टमको परीक्षण गर्दा बराबर देखियो। सफ्टवेयरले देखाएको आम्दानीलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको भएतापनि सफ्टवेयर प्राविधिक विषय भएकोले सफ्टवेयरसंग सम्बन्धित जोखिम वा त्यसले पार्ने वा पारेको प्रभावबारे परीक्षणको सीमा भन्दा बाहिर रहेको छ। उक्त सफ्टवेयर राज्यको कानून अनुरुप र आर्थिक कारोवारालाई पारदर्शी तथा स्वच्छ तुल्याउन आर्थिक कारोवारको सुरक्षा, विश्वसनियता र आधिकारिकताका लागि प्रत्येक वर्ष IT Audit गराउनु पर्ने देखिन्छ। उक्त सफ्टवेयरहरु राज्यको कानून अनुरुप र आर्थिक कारोवारलाई पारदर्शी तथा स्वच्छ तुल्याउन विश्वसनियता र आधिकारिकताका विषयमा ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

३.१३ **उपकरण परिचालनमा आम्दानी र खर्चको अवस्था:** स्थानीय सरकार संचालन ऐन् २०७४ अनुसार प्राप्त उपकरणको महत्तम परिचालन गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकामा एक्साभेटर, जिप, एम्बुलेन्स लगायतका उपकरण रहेकोमा सोको परिचालनबाट देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन्।

सि.नं.	सामानको विवरण	खर्च रु.				जम्मा आम्दानी रु.
		इन्धन	चालक/ हेल्परको तलब भत्ता	मर्मत खर्च	जम्मा खर्च	
१	एक्साभेटर	५००५०।००	५६१०००।००	५२००००।००	१५३१०५०।००	२७१९९००।००
२	एम्बुलेन्स	३५६९२५।९०	३२२०००।००	१५०२८८।७९	८२९२१४।६९	१७९५००।००
३	जिप	6८६२०८।००	३२२०००।००	३२२९४६।८८	११३११५४।८८	०
4	मोटरसाइकल	१९९९९९।१०				
जम्मा		१२९३१८३।००	१२०५०००।००	९९३२३५।६७	३४९१४१९।५७	२८९९४००।००

उल्लिखित उपकरणहरुको आम्दानी र खर्चको विश्लेषण गर्दा वर्ष भरी २८९९४००।०० आम्दानी देखिन्छ भने ३४९१४१९।५७ खर्च भएको देखिन्छ, जुन कुल आम्दानीको १२०.४१ प्रतिशत हुन आउँछ। यसमा एस्काभेटर र टिप्पर बाहेकका उपकरणमा आम्दानी भन्दा धेरै खर्च देखिन्छ। यसरी उपकरणको चालक, इन्धन र मर्मत समेत खर्च लेखेको अवस्थामा ती उपकरण उपयोग, परिचालनको लगसिट, लगानी र आय विश्लेषण गरी सार्वजनिक हितमा प्रयोग गरेको अवस्था देखिएन। खर्चको तुलनामा आय अधिक हुने गरी उल्लिखित उपकरणहरुको परिचालन हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

३.१४ **पालिकाको डोजरबाट भएको सडक मर्मतको अभिलेख:**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँचको आधारमा हुने वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ। सडक विभाग यान्त्रिक महाशाखाले मिति २०७७।१२।३१ मा जारी Norms rate of plant and machinery for estimation guidelines मा डोजर तथा एक्जाभेटरले माटो खन्ने काम गर्दा प्रति घण्टा १४.४० लिटर ईन्धन खपत हुने देखाएको छ। पालिकाले रु ६००००।०० को ईन्धन प्रयोग गरी आफ्नै डोजरमार्फत सडक सरसफाई गरेको छ ।यो बाहेक जेवी आयल स्टोरबाट कार्यालय प्रयोजनसमेत गरी रु १५३१०५०।०० ईन्धनमा खर्च गरेको छ । सडक मर्मत गरिएको समेत भनी यो वर्ष निम्नानुसार ईन्धन खरिदमा खर्च गरेतापनि कुन सडक खण्डमा कति परिमाणको कार्य गर्न कति समय लाग्यो भन्ने मितिवत अभिलेख राखेको पाईएन। तोकिएको प्रयोजनको लागि ईन्धन प्रयोग भएको प्रमाण अभिलेख साथ संलग्न हुनुपर्दछ।

क्र.सं.	**विवरण**	**ईन्धन आपुर्तिकर्ता/ इन्धनको परिमाण**	**ईन्धन खरिद रु**

१	कार्यालय प्रयोजन	जेवी आयल स्टोर (९७४८ लिटर)	१४७१०५०।००
२	सडक सफाई	यस जी फ्यूल सेन्टर(३७५ लिटर)	६००००।००
		जम्मा	१५३१०५०।००

सैद्धान्तिक बेरुजु

४ **अनुगमन**

सुदूरपश्चिम प्रदेश विशेष अनुदान सम्बन्धि कार्यविधि, २०७९ तथा संघीय समपुरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ को क्रमस बुँदानं. १२ र ११ मा अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको प्रमुखको नेतृत्वमा गठित समितिले नियमित अनुगमन गर्नुपर्ने र सोको अनुगमन प्रतिवेदन तथा चौमासिकरुपमा प्रगति प्रतिवेदन प्रदेश मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी अनुदानबाट संचालित योजनाहरुको नियमित अनुगमन गर्न सम्बन्धित योजना प्रभावित क्षेत्रको निर्वाचित प्रदेश सभा सदस्यको अध्यक्षतामा गठित अनुगमन समितिले अनुगमन प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश सरकार समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। यस पालिकाबाट निम्नानुसार विशेष तथा समपुरक अनुदान अन्तर्गत संचालित निम्नानुसार योजनाहरुको कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाएको छैन। कार्यविधिको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ।

क्र स	स्रोत		
		केराबारी झीग्रेना पर्यटकीय सडक स्तरोन्नति मेल्लेख डुमरी घोतल अशुद्धाला सडक निर्माण	१८५३०००।०० १८०७०००।००
२	संघ विशेष अनुदान	झलना देखि ग्वाली ओडवाटा धामीलुसा र मुडमारा खानेपानी आयोजना	६९०८०००।००
३	प्रदेश विशेष अनुदान	घोगाताल खानेपानी निर्माण आयोजना स्वास्थ्य भवन वडा नम्बर ३	२९९००००।०० ३४९९०००।००

सैद्धान्तिक बेरुजु

५ **परिपालना**

५.१ **सहकारी नियमन**:सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनुपर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरणअनुसार पालिका भित्र २८ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

५.२ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २८ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका ईन्जिनियर,आन्तरिक लेखापरीक्षक , सहित ६ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको

समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

५.३ **कर्मचारी व्यवस्थाः**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न नहुने व्यवस्था छ ।पालिकाले उल्लेखित पदहरुमा बाहेक इञ्जिनियर, अधिकृत छैठौं, सहायक पाँचौ, सहायक चौथो लगायत १०२ जना कर्मचारीहरु स्थायी करार र करारमा नियुक्त गरी तलब भत्ता रू. ३३०४८०००।०० भुक्तानी गरेको पाइयो। पालिकाले ऐनमा भएको व्यवस्था पालना गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

५.४ **कर्मचारी प्रोत्साहन भत्ताः** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा,गठन, सञ्चालन,व्यवस्थापनसेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुनेदफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठनसञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। पालिकाले कर्मचारी प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता सम्बन्धी कार्यविधिअनुसार रु १३४४०००।००प्रोत्साहन भत्ता खर्च गरेको छ। जुन पालिकाको आन्तरिक आय रु.५०५४४९१।०५ को २६.५९ प्रतिशत हुन आउन्छ। पालिकाको आन्तरिक आयलाई समेत विचार गरी प्रोत्साहन भत्ताम खर्च लेख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

५.५ **पदाधिकारी सुविधाः**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाको यस वर्ष पदाधिकारी सुविधाको वापत रू.५५७३००० खर्च गरेकोमा पालिकाको आन्तरिक आय रु.५०५४४९१।०५रहेको छ। आन्तरिक आयको तुलनामा करिब ५१८५०८।९५ बढी खर्च पदाधिकारी सुविधामा भएको देखिएको छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्ड आधारित बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

५.६ **पदाधिकारी तथा कर्मचारी बैठक भत्ताः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी सोहि ऐनको दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष पदाधिकारीको बैठक भत्ता रू.३०००००।००,कर्मचारीको बैठक भत्ता रू.१०००००।०० अन्य बैठकमा रू.४,९२,२००।।०० गरी जम्मा रु ८९२२००।०० खर्च गरेको छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्ड आधारित बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

५.७ **आर्थिक सहायताः गाउँ**पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नुपर्ने व्यवसथा छ। पालिकाले मापदण्ड र कार्यविधि तयार गरी विभिन्न व्यक्तिहरुलाई रु. २९८०००।०० आर्थिक सहायता वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.५०५४४९१।०५को ५.८५ प्रतिशत हुन आउँछ। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

सैद्धान्तिक बेरुजु

५.८ **विविध तथा सभा संञ्चालन खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष सबै वडामा समेत गरी विविधतर्फ (खाजा, खाना लगायत) रु.१३२६४४८।०० खर्च गरेको र सभा सञ्चालनतर्फ रु. ४८३०६६।०० गरी रु१८०९५१४।०० खर्च गरेको छ। सो उक्त खर्च पालिकाको आन्तरिक आय रु. ५०५४४९१।०५ को ३५।८०प्रतिशत हुन आउँछ।यस प्रकारको खर्चमा आन्तरिक आयलाई समेत ध्यान दिई मितव्ययीरुपमा खर्च गर्ने व्यबस्था हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

५.९ **सेवा प्रवाहको स्थिति:**स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (२) मा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिका तथा अन्तर्गतका ६ वडाहरुबाट यस बर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ। पालिकाबाट यो वर्ष नागरिकता सिफारिस, घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाईसराई, सम्बन्ध विच्छेद, बिवाह दर्ता र अन्य दर्ता तथा सिफारीस जस्ता विषयमा पञ्जिकरण तथा सिफारिस गरेको भएतापनि सोको आर्थिक वर्ष खुल्नेगरी स्पष्ट अभिलेख उपलव्ध पालिकाले उपलब्ध गराएको छ। पालिकाले ऐन बमोजिम सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ। पालिकाले ६ वडा कार्यालयबाट सम्पादित सेवालाई सरल सहज र व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ।

सि.नं.	विवरण	जम्मा
१	स्वीकृत घरनक्सा दर्ता पास	०
	पञ्जिकरणतर्फ	
२	जन्मदर्ता	१२७९
३	मृत्युदर्ता	१८०
४	बसाईसराई दर्ता	१०३
५	विवाह दर्ता	२६३
६	सम्बन्धविच्छेद दर्ता	०

सैद्धान्तिक बेरुजु

५.१० **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ।

सैद्धान्तिक बेरुजु

५.११ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

५.१२ **बजेट सीमा निर्धारण समिति -**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानूनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत

विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

सैद्धान्तिक बेरुजु

५.१३ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

५.१४ **बजेट पेश, पारित र अख्तियारी -**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखलेमिति २०८१।०३।१० मा रु.३६४४८०००।००को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।०३।२८ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।०४।०७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

६ कार्य व्यवस्थापन

६.१ **फोहरमैला व्यवस्थापन** - फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ। फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन। फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

६.२ **स्थानीय तह संस्थागत क्षमता स्वमूल्याकन (LISA) रिपोर्ट** - स्थानीय तहको कार्य प्रकृया र उपलब्धिहरुको बारेमा लेखाजोखा गरी सवल र दुर्वल पक्षहरुको पहिचान गरी शासकीय क्षमता, आर्थिक व्यवस्थापन, सेवा प्रवाह लगायत विभिन्न १० विषय क्षेत्रहरुमा आधारित सुचकहरुको मूल्याङ्कन गरी प्रतिस्पर्धात्मक सुधार गर्ने उद्देश्यले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्माण गरेको कार्यविधिको आधारमा स्थानीय तहहरुले आफ्नो संस्थागत क्षमता मुल्याङ्कन गर्ने गरिएको छ। यो वर्षको मूल्याङ्कन प्रतिवेदनमा यस गाउँपालिकाले पुर्णाङ्क १०० मा ६८ अंङ्क प्राप्त गरेको विवरण प्राप्त भएको छ। तसर्थ पालिकाले संस्थागत क्षमतामा सुधार ल्याउन अझ तोकिएको विषयहरुमा विशेष ध्यान जानु जरुरी देखिन्छ।

सैद्धान्तिक बेरुजु

६.३ **कानून र सञ्चालन स्थितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ६२ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २५ वटा ऐन, ४ नियमावली, २२कार्यविधि, १ आचार संहिता, १ नीति, ४ निर्देशिका र १ मापदण्ड लगायत ५८ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ। साथै पालिकाले कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत

गरेतापनि उक्तसबै कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयन गर्ने र नमुना कानून अनुसार सबै कानुन तर्जुमा गरी कार्यान्वयन गरेको देखिएन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

६.४ **न्यायिक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष ८ वटा मुद्दा दर्ता भएकोमा ४ फस्योँट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकि ४ मुद्दा देखिन्छन्।। मुद्दा दर्ता भएमा न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्योँट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

७ आन्तरिक नियन्त्रण

७.१ **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ।गाउँपालिकाले यो वर्ष २ पटक सार्वजनिक सुनुवाई गरेको देखियो।तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

७.२ **आन्तरिक लेखापरीक्षण शाखा -** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यवस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन। आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ। यस पालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ।

सैद्धान्तिक बेरुजु

७.३ **आन्तरिक लेखापरीक्षण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। तर यस पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण शाखा नभएपनि आदर्श गाउँपालकाका आन्तरिक लेखापरीक्षक डिल्ली राज जोशी गराएको पाइयो। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आफ्नै पालिकाको आन्तरिक लेखापरीक्षक बाट आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

८ प्रगति व्यवस्थापन

८.१ **बजेट अवण्डा -**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.३०,००,००० अबण्डा बजेट व्यवस्था गरीविभिन्न योजनामा३००००००।०० खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ। जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन। तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ।अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन्:

क्र. सं	योजनाको नाम	खर्च

१.	सडक बोर्डको रकम	८०००००।००
२.	ओसिएमसी सहयोग कार्यक्रम	१०००००।००
३.	कालाढुङ्गा मन्दिर मर्मत योजना सायल	२०००००।००
४	राममन्दिर भजन कीर्तन सामग्री खरिद	१०००००।००

सैद्धान्तिक बेरुजु

८.२ **योजना प्राथमिकीकरण -**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७८ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची - ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार ६ वडाको लागि वडागत र पालिकास्तरका कुल ७७३४४०००।०० योजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाखमाथिका योजना सङ्ख्या	रु.५ लाखदेखि २०लाख सम्मका योजना सङ्ख्या	रु.५लाखभन्दा कमका योजना सङ्ख्या
१.	पालिकास्तरीय	४०	३	१७	२०
२.	वडास्तरीय	६८	६	४०	२२

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १४७ योजनामात्र कार्यान्वयन भई ७ योजना कार्यान्वयन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

८.३ **लक्ष्य प्रगति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण तयारी गरी केन्द्रीय निकाय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ। पालिकाले पेश गरेको विवरण अनुसार पालिकाको वार्षिक प्रगति विवरण निम्नानुसार रहेको छ।

कार्यक्रम/ योजना	**कुल कार्यक्रम**	**वार्षिक प्रगति स्थिति**				
		शून्य प्रगति	**२५%सम्म प्रगति**	**५०% सम्म प्रगति**	**७५% सम्म प्रगति**	**७५% भन्दा बढी प्रगति**
कार्यक्रम संख्या	६५०	३९	७	१४	३१	५५९

पालिकाबाट यस वर्ष सञ्चालित ३९ योजनामा शुन्य प्रगति भएको छन्। योजनाहरुको प्राथमिकीकरणका आधारमा बजेट विनियोजन भई कार्यान्वयन भएको देखिदैन। योजना तथा कार्यक्रमको शून्य प्रगति हुनुले कार्यालयको अपेक्षित

लक्ष्य र प्रगति हासिल हुन सक्दैन। यसर्थ प्राथमिकीकरण गरी कार्यान्वयन योग्य कार्यक्रमहरुमा मात्र बजेट विनियोजन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

८.४ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। पालिकाको आ.व. २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

क्र.स	**क्षेत्र**	**बजेट**	**खर्च**	**खर्च प्रतिशत**
१	आर्थिक विकास	१८४४९०००।००	१५२५१४२४।००	८२।७१
२	पूर्वाधार विकास	६४८३४७२६।००	५४८९८३७३।००	८४।३७
३	सामाजिक विकास	१५२३५७२००।००	१३७००३८४८।२३	८९।९२
४	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	३८८५०००।००	२५४८६२२।००	६५।५१
५	कार्यालय संचालन तथा प्रशासनिक	१२८५१८०७४	११८९५३९३८।६५	९२।५६
जम्मा		३६८०४४०००।००	३२८६५६२०५।८८	

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये कार्यालय संचालन तथा प्रशासनिकमा सबैभन्दा बढी ९२.५६ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटीमा ६५।५१ प्रतिशत रहेको छ।

सैद्धान्तिक बेरुजु

८.५ **खर्च बिश्लेषण -** पालिकाले यस वर्ष कुल आन्तरिक आयबाट रु. ५०५४४९१।०५ राजस्व बाँडफाँड र अनुदानबाट रु. ३३७८४४३९४।९८ समेत रु. ३४२८९८८८६।०३ आम्दानी भएकोमा चालु तर्फ रु. २५१३१९०००।०० र पूँजिगत तर्फ रु. ७७३४४०००।०० समेत रु.३२८६६३०००।०० खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा १।५३ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुबिधामा रु. ५५८६५००।०० खर्च भएको छ जुन आन्तरिक आयको ११०।५२ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ९१।३५ प्रतिशत चालु र ८३।८० प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

८.६
त्रैमासिक पुंजीगत खर्च - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

बजेट उपशिर्षक	**कुल खर्च**	**त्रैमासिक खर्च**				**आषाढ महिनाको खर्च**
		प्रथम	**दोस्रो**	**तेश्रो**	**चौथो**	
पुँजीगत खर्चतर्फ	७७३४४०००।००	३९००००।००	१०८१८०००।००	१२८८१०००।००	५३२५५०००।००	३६७२४०००।००
प्रतिशत	१००	०।५०	१३।९८	१६।६५	६८।८७	४७।४८

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. ७७३४४०००।०० निकासा भएकोमा प्रथम त्रैमासिकमा ०।५० प्रतिशत, दोस्रो त्रैमासिकमा १३।९८ प्रतिशत), तेस्रो त्रैमासिकमा १६।९५ प्रतिशत) र चौथो त्रैमासिकमा ६८।८७ प्रतिशत) खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु. ३६७२४०००।०० (४७।४८ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

८.७ **रकमान्तर गरी खर्च -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ अनुसार कार्यपालिकाले स्वीकृत बजेटको सीमामा रहि कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशतमा नवढाई रकमान्तर गर्नसक्ने व्यवस्था छ। त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व ऐन,२०७६ को दफा २० मा कुनै एक अनुदानसंकेत अन्तरगतको बजेट उपशिर्षकम अपुग भएमा सोही शिर्षकमा तोकिएको एक वा एक भन्दा वढी अनुदान संकेत अन्तरगतको उपशिर्षकमा बचत हुने रकम मध्येबाट बिनियोजन ऐनमा तोकिएको सीमा भित्र रही रकमान्तर गर्न सकिने व्यवस्था छ। पालिकाको बिनियोजन ऐनमा रकमान्तरको प्रावधान रहेको छैन। कार्यपालिकाको निर्णय बमोजिम १०३ कार्यक्रम घटाई ११७ कार्यक्रममा बढाएर बिभिन्न शिर्षकमा कुल रु.३७४१०००।०० रकमान्तर गरी अधिकांश शिर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गरेको छ। पालिकाले बिनियोजन ऐनमा व्यवस्था नगरी एक शिर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गर्नु मनासिव देखिएन यसमा सुधार गर्नु पर्दछ।केही नमुनाहरु देहायबमोजिम छन् :

क्र.स.	स्वीकृत आयोजना/ कार्यक्रमको नाम	बजेट रु.	संशोधित आयोजना/ कार्यक्रमको नाम	बजेट रु.	कैफियत
१	तामेश्वरी आवि फर्निर्चर मर्मत आयोजना योजना वडा नं.२	२५००००।००	तामेश्वरी आवि शिक्षक तलब तामेश्वरी शैक्षिक सामाग्री खरिद	१००००००।०० १५००००।००	२ कार्यक्रममा रकमान्तर
२	दुदिला मावि निर्माण आयोजना	२५००००।००	दुदिला मावि घेरबार निर्माण	२५००००।००	
३	टेडिमाण्डु मन्दिर निर्माण योजना	२५००००।००	शिवालय मन्दिर निर्माण योजना	२५०००००।००	
४	दैनिक भ्रम्रण भत्ता	१९३००।००	विद्युत महशु	१९३००।००	
५	स्यालिबगर खेलमैदान जाली खरिद	५०००००।००	भवानीस्थान मावि भवन मर्मत	५०००००।००	
६	भल्मा वाटिवालो देवता मन्दिर निर्माण आयोजना	२०००००।००	भल्मा वाटिवालो देवता मन्दिर मर्मत आयोजना	२०००००।००	
७	वावसैन देउघर मन्दिर योजना	१०००००।००	सिचाई पाइप खरिद योजना	१०००००।००	

८	छडी देवता मन्दिर निर्माण योजना	३०००००।००	छडि मन्दिर ट्रष्ट निर्माण योजना	३५००००।००	
९	चौडिक खानेपानी मर्मत योजना	२०००००।००	चौडिक खानेपानी निमाण योजना	२०००००।००	
१०	साउँखोला मतेली सिचाई कुलो निर्माण योजना	३०००००।००	भोग्रेढु गी र कालिका गेट निर्माण तथा मन्दिर निर्माण योजना	३०००००।००	
११	हिमाली मावि जग्गा खरिद योजना	४०००००।००	हिमीः मावि शिक्षक तल	३०००००।००	
१२	आधारभूत स्वास्थ्य केन्द्र दलेख	४०००००।००	आधारभूत स्वास्थ्य केन्द्र दलेख गेट तथा फिल्ड निर्माण	४०००००।००	
१३	देउघर प्लाष्टर निर्माण योजना	१५००००।००	देउघर प्लाष्टर तथा मर्मत	१५००००।००	
१४	टरिजम सप्टवेर निर्माण	२५००००।००	ईन्टरनेट जडान	३०००००।००	
१५	माटो शिविर संचालन	२०००००।०००	शत प्रतिशत अनुदानमा बालि संरक्षण सेवा कार्यकमा उन्नत तरकारीको विउँवितण कार्यक्रम	१०००००।००	

सैद्धान्तिक बेरुजु

८.८ **गत वर्षको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(२) चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढि खर्च हुने गरी दायित्व सृजना गर्न नहुने व्यवस्था छ। सोहि नियमावलीको नियम ३९(१३) मा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बील भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिन भित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई तालुक कार्यालय, सम्बन्धित मन्त्रालय, कोलेनिका र महालेखापरीक्षकको कार्यालयमा समेत पठाउनु पर्ने व्यवस्था छ। यस पालिकाले आफ्नो स्थानीय आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली पारित नभएको अवस्थामा संघीय कानूनको अनुशरण गर्नु पर्ने हुन्छ। पालिकाले पेश गरेको विवरण अनुसार गत वर्ष रू. ४०८८१२३।७० संचित कोष मौज्दात बाँकी रहि यो वर्ष अल्या गरेको छ। तर गत वर्ष भुक्तानी हुन नसकी यो वर्ष रू.५००००००।००० बजेटमा भुक्तानी हुन बाँकीको रुपमा व्यवस्था गरी यो वर्ष भुक्तानी गरेको छ। त्यसै गरी आ.व. २०८१/८२ मा संचित कोष रु. ४०८८१२३।७०मौज्दात रहेकोमा आ.व. २०८२/८३ को लागि रु. ८०००००।०० भुक्तानी दिनको बाँकी जिम्मेवारी सारेको छ। यसरी गत वर्ष खर्च भई दायित्व सृजना गरेको तर संचित कोषमा पर्याप्त रकम हुँदा समेत भुक्तानी नहुनुको कारण स्पष्ट छैन। त्यसै गरी उक्त दायित्व सृजना भएको अवस्थामा नियमावलीको उल्लिखित व्यवस्था अनुसार प्रमाणित गराई महालेखापरीक्षकको कार्यालयलाई पठाएको देखिएन। सिद्दान्ततः बजेट एक आर्थिक वर्षको लागि बनाइने भएकोले आगामी आर्थिक वर्ष भुक्तानी हुने गरी दायित्व सृजना गर्नु हुदैन। विशेष परिस्थितिले खर्च हुन

गएको तर बजेटले नखाम्ने अवस्थामा नियमावलीमा भएको व्यवस्था अनुसार विल भरपाई सहित प्रमाणित गरी महालेखापरीक्षकको कार्यालयमा पठाई बजेटमा व्यवस्था गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

८.९ **मध्यमकालीन खर्च संरचना-** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा तीनै तहको सरकारले बजेट तर्जुमा गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालिन खर्चको संरचना तयार गर्नु पर्ने व्यवस्था छ।गाउँपालिकाले आ.व. २०८१।८२ को बजेट तर्जुमाको बखत मध्यमकालीन खर्च संरचनामा तयार गरेको पाइयो। मध्यमकालीन खर्च संरचनालाई थप प्रभावकारी बनाई आवधिक योजना र वार्षिक बजेट बिच तादम्यता कायम गर्नुपर्दछ। पालिकाले आवधिक योजना र वार्षिक बजेटबिच तादम्यता कायम गरी बजेटलाई नतिजामूलक बनाउन मध्यमकालीन खर्च संरचाना तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

९ खर्च व्यवस्थापन

९.१ **वडाको विविध खर्चः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी सोहि ऐनको दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। यो वर्ष पालिका अन्तर्गतका निम्नानुसार वडा कार्यालयहरुलाई विभिन्न मितिमा विविध शिर्षकबाट वडालाई रु १३२६४४८।००० भुक्तानी गरेको छ। विवधि खर्च वडा कार्यालयहरुको खाना नास्ता, खाद्य सामग्री तथा अन्य सामानहरु खरिद गरेको बिल भरपाईको आधारमा खर्च लेखेको देखिन्छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र खाना खाजा जस्ता विविध प्रकृतिका खर्च बीच आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्ड आधारित बनाउनुपर्दछ।

वडानं.	खर्च रकम
१	२९५०००।००
२	३६९५४८।००
३	१९९९००।००
४	१०००००।००
५	१८००००।००
६	१८२०००।००
	जम्मा १३२६४४८।००

सैद्धान्तिक बेरुजु

९.२ **अतिथि सत्कार खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार यो वर्ष अतिथि सत्कारमा रु. ७०००००।००खर्च गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आयको १४ प्रतिशत हुन आउँछ। यस प्रकारको खर्चमा आन्तरिक आयलाई समेत ध्यान दिई मितव्ययी रुपमा खर्च गर्ने व्यवस्थाहुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

९.३ **इन्धन खर्चः** अर्थ मन्त्रालयबाट जारी कार्यसंचालन निर्देशिका, २०७७ मा प्रति कर्मचारी मासिक १० लिटर सम्म इन्धन उपलव्ध गर्न सकिने व्यवस्था छ। यस वर्ष इन्धनमा कर्मचारी र कार्यालय प्रयोजनमा रू.४,९९,६३२।५६, पदाधिकारीको लागि रू.२०००००।७९२ सार्वजनिक निर्माणमा रु.४५००५०।०० गरी ११४९६८२।५६ रू इन्धनमा खर्च भएको देखिन्छ। पदाधिकारी, कर्मचारी तथा सार्वजनिक निर्माणमा खपत भएको इन्धन उपयोगको विवरण खुल्ने अद्यावधिक अभिलेख समेत राखेको पाइएन। इन्धन खर्चलाई प्रयोग गर्ने व्यक्ति र सवारी साधन समेत खुल्ने गरी Public Asset Management System (PAMS) मा प्रविष्टि गरी इन्धन खर्चको अभिलेखाङ्कनलाई व्यवस्थित बनाउनुका साथै यस्ता खर्चमा मितव्ययीता अपनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

९.४ **सवारी साधन मर्मतः**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ मा मालसामान मर्मत गराउदा सार्वजनिक निकायले आफ्नै मर्मत केन्द्र वा वर्कसप भएको अवस्थामा आफ्नै मर्मत केन्द्र तथा वर्कसपबाट गराउनु पर्ने र नभएको अवस्थामा यस नियमावलीमा भएको व्यवस्था बमोजिम लागत अनुमान तयार गरी नियमावलीमा भएको प्रावधान अनुशरण गरी खरिद गर्नु पर्ने व्यवस्था छ। पालिकाले निम्नानुसार सवारी साधन मर्मत गराउदा आफ्नो मर्मत केन्द्र नभएको अवस्थामा नियमावलीमा भएको व्यवस्था अनुरुप लागत अनुमान स्वीकृत गराई खुला र प्रतिस्पर्धात्मक मुल्यमा मर्मत सेवा खरिद गर्नु पर्नेमा सोझै खरिद गरी रू.४५००१८९।९० भुक्तानी भएको देखियो। केही मर्मत नमुनाहरु

क स	मर्मत भएको सवारी साधन	मर्मत गर्ने फर्मको नाम	मर्मत रु
१	एक्जाभेटर	न्यु पिडी अर्थ मुभर्स	५२००००।००
२	स्कारपियो	ठाकुर अटो केयर सेन्टर	५००००।००
३	जिप	भण्डारी अटो वर्कसप	३२२९४६।८८
४	एम्बुलेम्स	भण्डारी अटो वर्कसप	१५०२८८।७९
५	मोटरसाइकल १६ वटा	कैलपाल अटो वर्कसप	२९८०००।००
		जम्मा	१३४१२३५।६७

सैद्धान्तिक बेरुजु

९.५ **भ्रमण खर्च र अभिलेखः** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्वन्धित कार्यालयले भ्रमण आदेश नम्बर, भ्रमणमा खटिनेको नाम र दर्जा , खटिएको स्थान, मितिसमेत खुल्ने स्थान र बस, जिपको टिकटसमेत गरी अनुसूची ६ बमोजिमको ढाँचामा कार्यालय प्रमुखबाट प्रमाणित गरी भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था समेत गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले यस वर्ष कर्मचारीलाई भ्रमण खर्च स्वरुप रू १००००००।०० र अन्य भ्रमण खर्च रू. १९००००।०० गरी रू. ११९००००।०० खर्च गरेकोमा भ्रमण अभिलेख खाता प्रमाणित, कोष प्रमाणित, बस वा माईक्रो बसको टिकट र अनुगमन प्रतिवेदन राखेको पाईएन। जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन। भ्रमण पश्चात अनिवार्यरुपमा कामको जिम्मेवारी र व्यहोरा खुलेको अनुगमन प्रतिवेदन राख्ने व्यवस्था समेत गरी नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१० आन्तरिक लेखापरीक्षण

फछ्र्यौट नभएको आन्तरिक लेखापरीक्षण व्यहोराः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ अनुसार स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने, आन्तरिक लेखापरीक्षकले ल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने व्यवस्था छ। यस पालिकाको आन्तरिक लेखापरीक्षणबाट कायम गरेका व्यहोरा अन्तिम लेखापरीक्षण गराउनु अगावै फस्योंट गरेको देखिएन । आन्तरिक लेखापरीक्षण प्रतिवेदनका देहाय अनुसारका बेहोराको फस्यौंटको प्रमाण पेश गर्नुपर्ने रु

गो.भौ.नं. र मिति	बेरुजुको व्यहोरा	रकम रू.

९३। ०८२। २।१२	आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १९ मा विनियोजित बजेट खर्च मापदण्ड बमोजिम हुनुपर्ने व्यवस्था छ। भौ नं ९३ मिति २०८२।०२।१२ मा कालिका मन्दिर निर्माण योजना उपभोक्ता समितिलाई रु १७९५७५। भुक्तानी भएकोमा प्राविधिक विल अनुसार सिमेन्ट ४० वोराको भुक्तानी भएको र उक्त समितिले ३१ वोराको मात्र विल पेश गरेको हुँदा वाँकी ९ वोरा सिमेन्टको ७०७।९६ दरले हुन आउने रकम रु ६३७२। वरावरको विल पेश गर्नुपर्ने अन्यथा सम्वन्धित फर्मबाट असुल गर्नुपर्ने रु	६३७२।००
२४३। २०८२। ३।२४	आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा खर्च पुष्टयाई राख्नुपर्ने व्यवस्था छ।गो भौ नं २४३ मिति २०८२।०३।२४ पाईप खरिद योजनामा वड्डा सप्लायर्स लाइ रु ९६६८८। रकम भुक्तानी भएकोमा श्रेस्तामा प्राविधिक स्टमेट, कार्य सम्पन्न प्रतिवेदन, फोटो, दाखिला भएको भए दाखिला अभिलेख राख्नुपर्ने रु	९६६८८। ००
६४। २०८२। ३।२४	आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा खर्च पुष्टयाई राख्नुपर्ने व्यवस्था छ। गो भो नं ६४ मिति २०८२।०३।२४ होटल सौराइ लिमिटेड धनगढीलाई क्रिकेट खेलाडीले खाजा खानामा रु ४७२८०। भुक्तानी भएको छ । उक्त श्रेस्तामा होटलको विल र अन्य आवश्यक कागजात समावेश भएको देखिएन। सो को विल भरपाई पेश गर्नुपर्ने रु	४७२८०। ००
६७ र २३	आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा खर्च पुष्टयाई राख्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले भुक्तानी गरेका देहायका भौचरहरुमा आवश्यक कागजात संलग्न छैनन् ।अपुग कागजात श्रेस्तामा राख्नु पर्ने रु क) गो भौ नं ६७ गडतोला कम्प्युटरलाई भुक्तानी रकम रु १८०५००।०० ख) गो भौ नं २३ अपेक्षा एडभरटाइजिङ्ग एजेन्सीलाई रु ७६०८२।००	२५६५८२। ००
३३। २०८२। ३।१३	आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा खर्च पुष्टयाई राख्नुपर्ने व्यवस्था छ।गो भौ नं ३३ मिति २०८२।०३।१३ कोल्मुडा खानेपानी मर्मत योजना को नाममा रु ८३७५५। भुक्तानी भएकोमा प्राविधिक विल अनुसार ग्याविन जाली 1.5*1*1 Gabin Box 1.51*1*1 एक पिस राखी भुक्तानी भएको छ । उक्त जालिको विल पेश भएको छैन । अपुग रु ६०००।०० वरावरको विल पेश गर्नुपर्ने अन्यथा उक्त रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु	६०००।००
१४९। २०८२। ३।१२	आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा खर्च पुष्टयाई राख्नुपर्ने व्यवस्था छ।गो भौ नं १४९ मिति २०८२।०३।१२ गरिवी निवारणका लाग लघु उद्यम विकास कार्याक्रम संचालन शीर्षकबाट ३९५०२८। भुक्तानी भएकोमा उक्त मसला बनाउने ७ दिने सिप विकास कार्यक्रममा ३०० के जि हाराहारीमा विभिन्न मसाला जिरा धनिया हल्दी अदुवा टिमुर जाइफल लगायतका कच्चा पदार्थ प्रयोग भइ रु ९०४५३। वरावरको मसला खरिद भइ प्रयोगमा आएकोमा उक्त मसलाबाट उत्पादित मसला के कसरी प्रयोग भयो विक्री भएको भए दाखिला प्रमाण पेश गर्नुपर्ने वा हस्तान्तरण गरिएको सो को प्रमाण पेश गर्नुपर्ने रु	९०४५३। ००

१७७। २०८२। ३।२८	आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा खर्च पुष्ट्याई राख्नुपर्ने व्यवस्था छ। गो भौ नं १७७ मिति २०८२।०३।१८ गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम अन्तर्गत २३८५००। मा आर डि अल्लो बास उन कपडा वुनाइ उद्योगबाट रु ९२३७७। वरावरको धागो कटन वास खरिद गरी उत्पादन गरएकोमा उत्पादित वस्तु विक्री वा हस्तान्तरणको अभिलेख श्रेस्तामा राख्नुपर्ने रु	९२३७७। ००
४८५। २०८२। ३।१२	आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा खर्च पुष्ट्याई राख्नुपर्ने व्यवस्था छ। भौ नं ४८५ मिति २०८२।०३।१२ स्वास्थ्य शाखाको सर्ने तथा नसर्ने रोग खोजपडताल कार्यक्रम अन्तर्गत विभिन्न वडामा कार्यक्रम संचालनको क्रममा उपस्थित संख्या ४७ रहेको र खाजा नास्ताको विलमा ७३ जनाको भएको यसरी वढी खाजा नास्ता संख्या २६ जनाको रु १०० का दरले हुन आउने रु २६००।०० को प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धितबाट असुल गर्नुपर्ने रु	२६००।००

प्रमाण पेश नगरेको	५,९८,३५२

११ खर्च परीक्षण

११.१ **घरभाडा खर्च**:स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने तथा दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष घरभाडातर्फ रू. १९२०००।०० खर्च गरेको छ। यस पालिकाले आफ्नो कार्यालयको भवनको अतिरिक्त विभिन्न अन्य भवनहरु पनि भाडामा लिई खर्च गरेको मनासिव देखिएन। यस्तो खर्चलाई नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

११.२ **पत्रपत्रिकाको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा खर्च गर्दा किफायती तरिका अपनाउनुपर्ने व्यवस्था छ। सूचना तथा प्रसारण विभाग बाहेक अन्य सरकारी निकायले क्यालेण्डर र डायरी छपाई गर्न नपाउने व्यवस्था छ। सो अनुसार पालिकाले शुभकामना कार्ड छपाई गर्न तथा शुभकामना सन्देश प्रकाशन वा प्रसारण गर्न सकिने देखिदैन। पालिकाले यो वर्ष पत्रपत्रिकामा शुभकामना प्रकाशनमा संचार गृहहरुलाई रू.८०००००।०० भुक्तानी गरेको पाईयो।तसर्थ यस प्रकारको खर्चमा नियन्त्रण कायम गरी सार्वजनिक स्रोतको मितव्ययी उपयोग हुनुपर्दछ। शुभकामना प्रकाशन सम्बन्धित खर्चका केही नमुना भौचरहरु देहायबमोजिम छनः

भौचर नं./मिति	शीर्षक	भुक्तानी प्रासकर्ताको नाम	खर्च रु
४२२।२०८२।२। २९	सायल गाउँपालिकाको जिंगल प्रसारण कार्यक्रम	सामुदायिक रेडियो शैलेश्वरी	२४६२४०। ००
१४६।२०८१।९। २८	पत्रपत्रिका सफाई तथा सूचना प्रकाशन खर्च	रेडियो डोटि ९८.५ मेघाहर्ज	५९०५०।००

सैद्धान्तिक बेरुजु

११.३ **मसलन्द तथा कार्यालय सामग्री**:सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्न नहुने तथा नियमावली, २०६४ को नियम ३ मा खरिदलाई बढी सुविधाजनक समूहमा विभाजन गर्ने वा प्याकेजिङमा समावेश गर्ने व्यवस्था छ। नियम ८ मा खरिद योजना बनाउँदा खरिदको सम्भावित प्याकेज बनाउनुपर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुनसक्ने नसक्ने एकिन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले विभिन्न समयमा पटक पटक गरी रू. २९५००००।०० को कार्यालय मालसमान खरिद गरेको देखियो। खरिदलाई खुला र प्रतिस्पर्धात्मक बनाई खर्चमा मितव्ययिता अपनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१२ कर्मचारी करार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र

अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। त्यसै गरी सो दफामा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पदमा मात्र प्रतिस्पर्धाको आधारमा करारमार्फत सेवा लिन सकिने व्यवस्था । पालिकाबाट प्राप्त विवरण अनसार उल्लेखित पदहरुमा बाहेक कृषि प्राविधिक, पशु प्राविधिक, अनमि, ल्याव अशिष्टेण्ट लगायत १५ जना कर्मचारीहरु करार नियुक्त गरी तलव भत्ता रू.५५००००० भुक्तानी गरेको पाइयो ।उल्लिखित करार सेवाका पदहरु व्यवस्थापन सर्वेक्षण गरी निर्धारण भएका देखिएनन। साथै प्रतिस्पर्धाको आधारमा कर्मचारी नियुक्त नगरी सोझै तथा पुराना कर्मचारीलाई नै निरन्तरता दिएको देखियो। कानुन बमोजिम करार सेवाबाट पुर्ति गरिने पदहरु प्रतिस्पर्धाको माध्यमबाट मात्र पुर्ति गर्नुपर्दछ र दरबन्दी बाहिरका करार कर्मचारीहरुको तलब नियमित गर्नुपर्ने रू.

अनियमित भएको	५५,००,०००

१३ **मुअकर कट्टि**

मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) मा सरकारी निकायले ठेक्का वा करार अन्तर्गत आपुर्ति हुने वस्तु वा सेवाको मुल्य वा रकम भुक्तानी गर्दा भुक्तानी गरिने मुअकर रकमको ३० प्रतिशत कट्टी गरी सम्बन्धित भुक्तानी प्राप्त गर्ने व्यक्तिको नामबाट सम्बन्धित राजस्व शिर्षकमा दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार कार्यको लागि मुअकर रकम भुक्तानी गर्दा नियममा भएको व्यवस्था अनुरुप ३० प्रतिशत कट्टी गरी दाखिला गरेको नदेखिएकोले सम्बन्धित आपुर्तिकर्ता वा निर्माण व्यवसायीबाट मुअकर समायोजन पत्र पेश गर्नु पर्दछ।

गो.भौ.न. तथा मिति	मु अ कर भुक्तानी प्राप्त गर्ने	खरिद गरिएको वस्तु तथा सेवा	भुक्तानी भएको मु अ कर रकम
५५-२०८१।८।२०	न्यु पि.डि. अर्थमुभर्स	मेसिनरी औजार मर्मत सम्भार	५०६२४
२९९-१२।२५	ज्यास्पर जियो इन्जिनियरिङ एण्ड रिसर्च सेन्टर प्रा.लि.	सायल गापाको जिखिम स्थान तथा वस्तुहरुको नक्सांकन कार्यक्षम	२७६१०
५८९-२०८२।३।२५	तेडी प्रिन्टिङ प्रेस	स्थानीय पाठ्यपुस्तक लेखन	२८८०८
जम्मा			१०७०४२

प्रमाण पेश नगरेको	१,०७,०४२

१४ **एप खरिद**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ (६) अनुसार बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता समेत कायम गरी खर्च गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले यो वर्ष अनी सफ्ट सोलुसन्स प्रा.लि.बाट रु २९६०६०।०० मा खरिद गरेको डिजिटल सायल एप्लिकेशनको सूचना तथा प्रविधि विभागबाट स्वीकृति लिएको पाइएन। सम्झौता अनुसार आपुर्तिकर्ताले एप हस्तान्तरण गरी सकेपश्वात १ वर्षसम्म निःशुल्क रुपमा प्राविधिक सहायता प्रदान गर्ने र त्यसपश्चात आवश्यक परामर्श तथा मर्मत सम्भार, डाटाको सुरक्षा र भण्डारण र निरन्तर सपोर्टमा खरिद मुल्यको १०% वार्षिकरुपमा भुक्तानी गर्नुपर्ने उल्लेख छ। उक्त एपमा वडा प्रोफाइल, नागरिक वडापत्र, सुचना तथा सामाचार र बजेट सम्बन्धी सुचना जानकारी उपलब्ध हुने व्यवस्था गरेको छ।उक्त एप्लिकेशन सूचना प्रविधि विभागबाट स्वीकृत गराई पूर्णरुपमा उपयोग गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१५ **सुचना प्रशारणमा नियमको पालना**

विज्ञापन (नियमन गर्ने) (पहिलो संशोधन) नियमावली, २०८० को नियम ६क. को उपनियम (२) मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चार माध्यम मार्फत कारोबार भएको भए सञ्चारमाध्यमले जारी गरेको विलबमोजिम तथा विज्ञापन एजेन्सीमार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी गर्नुपर्ने र यसरी भुक्तानी गर्दा बिज्ञापन (नियमन गर्ने) ऐन,२०७६ को दफा २१(२)(ख) बमोजिम खर्च रकमको तीन प्रतिशत रकम बिज्ञापन बोर्डको कोषमा जम्मा गर्ने व्यवस्था छ । यस कार्यालयबाट भुक्तानी भएका केही सूचना तथा विज्ञापनको नमुना छनोट गरी परीक्षण गर्दा सञ्चारमाध्यमले जारी गरेको विलबमोजिम तथा विज्ञापन एजेन्सीमार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी नगरेको तथा तीन प्रतिशत रकम बिज्ञापन बोर्डको कोषमा जम्मा गरेको समेत देखिएन । नमुना परीक्षण अनुसार पालिकाबाट विज्ञापन तथा सूचना प्रशारण बापत भुक्तानी गर्दा उल्लिखित व्यहोरा अनुसार भए नभएको कार्यालयबाटै यकिन गरी निम्न अनुसार भुक्तानी गर्दा ३ प्रतिशतले हुने रकम बिज्ञापन बोर्डमा जम्मा गरेको प्रमाण पेश हुनुपर्ने रु.

गो.भा.नं.।मिति	नाम	कर लाग्ने रकम	३ प्रतिशत हुने रकम
३३८-२०८२।१।२४	सक्सेस एडभरटाइजिङ प्रा.लि.	६१८८०	१८५६
३८९-२०८२।२।१४	सूदुर सन्देश पब्लिकेशन प्रा.लि.	२९५५०	८८६
४९२-२०८२।३।१३	शैलेश्वरी संचार प्रा.लि.	२४५९०	७३७
जम्मा			३४७९

प्रमाण पेश नगरेको	३,४७९

१६ **टुक्रा पारि खरिद कार्य (पालिका चालु)**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा दश लाख रूपैया सम्मको लागत अनुमान भएको मालसामान वा निर्माण कार्य सोझै खरिद गर्न सकिने व्यवस्था छ। त्यस्तै, नियम ८५ को उपनियम १(ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी एउटै व्यक्ति, फर्म, संस्थावाट रू.१० लाख भन्दा वढीको सोझै खरिद गर्न नमिल्ले व्यवस्था छ।पालिकाले निम्नानुसार एउटै फर्मवाट बर्षभरिमा टुक्रा टुक्रा गरि १० लाख भन्दा बढीको खरिद कार्य गरेको छ। यसरि खरिद सम्बन्धि कार्य गर्दा प्रतिस्पर्धात्मक विधि अवलम्वन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

क्र.सं.	आपुर्तिकर्ता	आपुर्ति विधि	रकम	आपुर्ति भएको वस्तु
१	नर ट्रेडर्स एण्ड जनरल अर्डर सप्लायर्स	सोझै खरिद, कोटेशन	१०६१३०	मसलन्द तथा अन्य सामग्री खरिद
२			७८९६९	
३			४७८५०	
४			९८०३०	
५			३१०००	
६			२७३७०	
७			९४७९६०	
जम्मा			१३३७३०९	
४	हिरा ट्रेडर्स एण्ड जनरलअर्डर सप्लायर्स	सोझै खरिद, कोटेशन	८३३८२६	मसलन्द तथा अन्य सामग्री खरिद
५			१३९७७०	
६			७८४३३	
७			१९२००१	
८			४८२५६	
९			६०८८२	
१०			१२७८५०	
११			१६५०७४	
जम्मा			१६४६०९२	
कुल जम्मा			२९८३४०१	

सैद्धान्तिक बेरुजु

१७ **किताब खरिद**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ (६) अनुसार बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता समेत कायम गर्ने गरि खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले द्वन्द्व पत्रकारिताको एक दशक नामक किताब १०० थान जम्मा रू.५५००० मा खरिद गरेको छ। खरिद गरिएको पुस्तकको विषयवस्तु को सान्दर्भिकता पुष्टि हुनुपर्दछ। पुस्तकको उपयोगिता विचार नगरि औचित्यता र आवश्यकता पुष्टि नहुने पाठ्य सामग्री खरिद गर्नु मितव्ययिता र औचित्यका दृष्टिले उपयुक्तताको पहिचान गरी मात्र खरिद कार्य गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१८ **रकमान्तर**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ मा स्थानीय तहलेले रकमान्तर गर्दा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पुँजीगत शीर्षकमा पच्चीस प्रतिशत नबढाई रकमान्तर गर्नसक्ने व्यवस्था छ। त्यस्तै स्थानीय तहमा वजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को बुँदा ३.१ मा पुँजीगत खर्चको रूपमा विनियोजित भएको रकम चालु खर्चमा रकमान्तर नगर्ने उल्लेख गरेको छ। यो वर्ष पालिकाले ५८ योजना तथा कार्यक्रमबाट रू.१२८५८८००।०० घटाएकोमा ११६ योजना तथा कार्याक्रममा रू. ३२५३७९७४।०० बढाएको देखिन्छ। पालिकाले ५८ चालु प्रकृतिका योजना तथा कार्यक्रमबाट रू.१२८५८८००।०० रकमान्तर गर्दा ७० चालु प्रकृतिका योजनामा रू. २०२२९९७४।०० र ४६ पुँजीगत प्रकृतिका योजनामा रू. १२३०८०००।०० रकमान्तर गरी वढाएको देखियो।यसप्रकारले पालिकाले रू. ७३,७१,१७४। ०० पुँजीगत शीर्षकबाट चालु प्रकृतिका योजनामा रकमान्तर गरेको छ। पुँजीगत योजना तथा कार्यक्रमबाट चालु प्रकृतिका योजना तथा कार्यक्रममा रकमान्तर भएको रकम नियमित गर्नुपर्ने रू.

अनियमित भएको	७३,७१,१७४

१९ **अनुदानको अनुगमन**

समपुरक तथा बिशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ को बुँदा न ११ र सुदूर पश्चिम प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७९ को बुदा नं. १२ मा अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको प्रमुखको नेतृत्वमा गठित समितिले नियमित अनुगमन गर्नुपर्ने र सोको चौमासिक रुपमा प्रगति प्रतिवेदन प्रदेश नीति तथा योजना आयोगले तोकेको विद्युतीय प्रणालीमा प्रविष्टि गरी सम्बन्धित मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी अनुदानबाट संचालित योजनाहरुको गुणस्तरको सम्बन्धमा लाभान्वित वर्ग र समुदाय तथा सार्वजनिक सुनुवाई मार्फत नागरिक समाजबाट समेत निगरानी गर्ने प्रणालीको विकास गर्नुपर्ने व्यवस्था छ। यस पालिकाबाट निम्नानुसार योजनाहरु विशेष तथा समपुरक अनुदान अन्तर्गत संचालन भएकोमा उल्लिखित कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाइने प्रणालीको विकास गरेको छैन। त्यसै गरी नागरिक समाज तथा सार्वजनिक सुनुवाई मार्फत निगरानी हुने प्रणलीको विकास गरेको देखिदैन। तसर्थ कार्यविधिमा भएको व्यवस्थाको पालना गरी संचालित योजनाको गुणस्तर तथा सोबाट प्राप्त हुने लाभमा अभिवृद्दि गराउनु पर्दछ।

क्र स	स्रोत	संचालित योजनाहरु	बजेट खर्च
1	संघीय विषेश अनुदान	झलना देखी ग्वानी ओडवाटा धामीलुसा र मुडभारा खानेपानी आयोजना	६९०८४४६
2	प्रदेश विषेश अनुदान	घोगातल खानेपानी निर्माण आयोजना	२९९०८४१
3	प्रदेश विषेश अनुदान	स्वास्थ्य भवन वडा नं २ निर्माण योजना	३४९९५८७
4	प्रदेश समपुरक अनुदान	केरावारी झिग्रेना पर्यटकीय सडक स्तरोन्नती आयोजना	१८५३६८६
5	प्रदेश समपुरक अनुदान	मेल्लेख डुमरी घोतल अशुद्वाला सडक निर्माण योजना	१८०७१४६

सैद्धान्तिक बेरुजु

२० **सवारि साधन भाडा**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (११) मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोवार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना हानि नोक्सान वा लापरवाही हुन नपाउने गरी सरकारी सम्पत्ति, नगद, जिन्सी सुरक्षित राख्न उचित प्रवन्ध मिलाउनु पर्ने उल्लेख छ। यस पालिकाले वर्षभरिमा सवारी साधन भाडा वापत रू.१४८४८०० खर्च गरेको छ। कार्यालयको सामान्य कामकाजमा जाँदा पनि गाडी भाडामा लिई प्रयोग गर्ने गरेको, एक जना व्यक्ति मात्र कार्यालयको काममा

जानु पर्ने अवस्थामा पनि गाडि भाडामा लिई प्रयोग गर्ने गरिएको पाईयो। पालिकाबाट हुने प्रायजसो कार्यक्रम, तालिम, गोष्ठी आदिको लागि भाडामा लिने परिपाटि देखिएकोले पालिकाले यस्तो कार्यलाई नियन्त्रण गरी खर्च गर्दा मितव्ययि हुनुपर्ने र रकम भुक्तानी प्रश्चात रकमको उपयोग सम्बन्धमा प्रतिवेदन पेश हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

२१ **वितरणमुखी/अनुत्पादक खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ (६) अनुसार बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता समेत कायम गर्ने गरि खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहाय बमोजिमका विभिन्न कार्यक्रमहरू सञ्चालन गरी खर्च गरेको देखियो । यसरी आवश्यकता के हुने यसको प्रभावकारीता के रहने, यसको उपलब्धि के हुने जस्ता विषय अनुमान नगरी सोझै सामाग्री खरिद गरि वितरण गर्ने र आर्थिक सहयोग गर्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ ।

क्र.सं.	भौ.नं. र मिति	विवरण	रकम
१	४२३-२०८२।२।२९	महिला संग उपाध्यक्ष कार्यक्रममा १५० जनालाइ कम्बल वितरण	२७९६७५
२	४५८-२०८२।३।४	विभिन्न मेला पर्व चाडवाडको लागी अनुदान	१५००००
३	४७४-२०८२।३।११	कालाढुङ्गा मन्दिर मेला व्यवस्थापन खर्चमा आर्थिक सहयोग	२५००००
४	५४६-२०८२।३।१८	विभिन्न मेला पर्व चाडवाडका लागी अनुदान	६५०००
५	५५३-२०८२।३।१८	राम मन्दिर भजन किर्तन खरिद	९९९९४
६	५७५-२०८२।३।२२	विभिन्न मेला पर्व चाडवाडका लागि अनुदान	१९५००
७	६१५-२०८२।३।२४	विभिन्न मेला पर्व चाडवाडका लागि अनुदान	५९९३०
जम्मा			९२४०९९

सैद्धान्तिक बेरुजु

२२ **बैठकमा उपस्थित भएको समयावधिको दैनिक भ्रमण भत्ता**

बैठकमा उपस्थित भएको समयावधिको दैनिक भ्रमण भत्ता- भ्रमण खर्च नियमावली, २०६४ को नियम २३ मा नियमावली बमोजिम पाउने सुविधा लिने प्रयोजनको लागि भ्रमण गर्ने कुनै पदाधिकारी वा कर्मचारीले झुठ्ठा विवरण पेश गरी भुक्तानी लिएको ठहरेमा झुट्टा विवरण पेश गरी भुक्तानी लिएको रकमको दोब्बर रकम असुल उपर गरी निजलाई कारबाही समेत गरिने व्यवस्था छ । देहायका पदाधिकारिहरु कार्यापालिकाको बैठकमा उपस्थित भएको मितिमा जिल्ला बाहिर तथा जिल्ला सदरमुकाममा समेत रहेको भ्रमण आदेश स्वीकृत गरी/गराई भ्रमण बिल पेश गरी निम्नानुसारको भुक्तानी लिएको देखिन्छ । यसरी नियम बिपरित सुविधा पाउने प्रयोजनको लागि भ्रमण आदेश स्वीकृत गरी/गराई भुक्तानी लिएको रकम नियमानुसार एकिन गरी असुल गर्नुपर्ने रु.

क्र.सं.	गो.भौ.नं./ मिति	पदाधिकारीको नाम	भ्रमण अवधि/ भ्रमण गर्ने स्थान	कार्यापालिकाको बैठक मिति	भुक्तानी रकम
१	२९-२०८१। ७।१३	वडा अध्यक्ष मान बहादुर सिंह	२०८१।४।६-२०८१।४। १२, दिपायल	२०८१।४।११	९१००
३	१९२-२०८१। ११।२०	वडा अध्यक्ष दिपक बहादुर साँउद	२०८१।७।२-२०८१।७।७, धनगढी	२०८१।७।६	६३००
४	२३०-२०८१। १२।१०	वडा अध्यक्ष जगत बहादुर सिंह	२०८१।९।२-२०८१।९।८, दिपायल	२०८१।९।४	८५००
५	२७३-२०८१। १२।२०	वडा अध्यक्ष लाल बहादुर रोकाया	२०८१।११।१०-२०८१। ११।१६, दिपायल	२०८१।११। १२	९५००
६	३७०-२०८१। २।११	वडा अध्यक्ष दिपक बहादुर साउद	२०८१।१२।२०-२०८१। १२।२५ ,दिपायल	२०८१।१२। २२	७४००

जम्मा	४०८००

असुल गर्नुपर्ने	४०,८००

२३ **कार्यक्षेत्र बाहिरको खर्च**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्यदक्षता र औचित्य समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन पालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ। यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

गो.भा.नं./ मिति	विवरण	प्रयोजन	खर्च रकम
१२-२०८१।६।८	प्रहरी चौकी डौड, डोटी	मौला पूजा, ईन्धन खर्च र विजुली बिल भूक्तानी	३१५००
९७-२०८१।९।५	प्रहरी चौकी डौड, डोटी	ईन्धन र विद्युत महशुल	११४५०
जम्मा			४२९५०

अनियमित भएको	४२,९५०

२४ **जरिवाना (विद्युत महशुल र सवारी बीमा तथा नवीकरण)**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । यस वर्ष पालिकाले सवारी साधनको बीमा तथा नवीकरण र विद्युत महशुल समयमै भुक्तानी गर्नुपर्नेमा ढिलो गरि भुक्तानी गरेकोले जरिवाना समेत भुक्तानी गर्नु परेको छ। पालिकाले ढिलो गरि बीमा तथा नवीकरण जरिवाना स्वरूप रू. ३६३३० र विद्युत महशुलमा जरिवाना रू.३९०२० गरी जम्मा जरिवाना रू.७५३५० भुक्तानी गरेको छ ।यस्तो भुक्तानी नियम सम्मत नदेखिएको रू.

अनियमित भएको	७५,३५०

२५ **सक्कल बिल बिजक बेगर भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ ।पालिकाले देहायका भुक्तानीहरु सक्कल बिल बेगर भुक्तानी गरेको छ जसबाट खर्चको यथार्थता तथा सार्वजनिक कोषको सदुपयोग भएको सुनिश्चित हुन सकिदैंन ।यसर्थ, सक्कल बिल पेश हुनुपर्ने रू.

क्र.सं.	गो भा नं.	विवरण	रकम	बिजक नं.
१	६००-२०८२।३।२३	श्री लक्ष्मी ट्रेड एण्ड सप्लायर्सबाट पञ्चेबाजा खरिद कार्याक्रम	२९९२००	८०५
जम्मा			२९९२००	

प्रमाण पेश नगरेको	२,९९,२००

२६ **फरक शिर्षक पारी खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (१) मा सरकारी रकम खर्च गर्दा सम्बन्धित शिर्षकबाट खर्च गर्नु र एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ अनुसार तोकिए बमोजिमका शिर्षकमा खर्च लेखाङ्कन गर्नुपर्ने हुन्छ। जुन प्रकृतिको खर्च हो सोही मिल्दोजुल्दो शिर्षकवाट बजेट खर्च लेख्नुपर्नेमा पालिकाले निम्नानुसार फरक शिर्षकवाट खर्च गरेको देखिएकोले उक्त रकम नियम सम्मत नदेखिएको रू.

गो.भा.नं./मिति	विवरण	रकम
४५-२०८१।८।७	भ्रमण भत्ताबाट सवारी साधन भाडा भुक्तानी	१४०००
१५९-२०८१।१०।१	विविध कार्यक्रम खर्चबाट संचार महशुल भुक्तानी	१२५९९
२४७-२०८१।१२।४	अतिथि सत्कार खर्चबाट भ्रमण खर्च भुक्तानी	१२६५०
५५५-२०८२।३।१८	सेवा र परामर्श खर्चबाट सवारी साधन भाडा भुक्तानी	३१८००

६०४-२०८२।३।२३	विविध खर्चबाट भ्रमण खर्च	१३०००
६०४-२०८२।३।२४	विविध खर्चबाट भ्रमण खर्च	८५००
६४३-२०८२।३।२४	पोलि हाउस निर्माण खर्चबाट भ्रमण खर्च	१५०००
जम्मा		१०७५४९

अनियमित भएको	१,०७,५४९

२७ **वजेट ब्यवस्थापन**

२७.१ **पाइपको उपयोगः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा खरिद गरेका पाइप जडान गरेको देखिने प्राविधिक विल तयार गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिका पुँजीगत वजेटबाट देहाय अनुसार रु १७१६६८।०० मा खरिद गरेको पाइप उपयोग गरेको देखिने प्राविधिक विल संलग्न गरेको देखिएन । उक्त पाइप उपयोग गरेको प्राविधिक विल तयार गरी खर्चका पुष्ट्याई पेश गर्नुपर्ने रु

गोभौ मिति	पाइपको विववरण	आपुर्तकको नाम	खर्च रु	कैफियत
२४३।०८२।३।२४	२० एमएम र ३२ एमएमको १६०० मिटर	बड्डा सप्लायर्स	८३१६८।००	वडा नं ५
२४९।०८२।३।२५	२०,२५ र ३२ एमएमको १७८० मिटर	सगुन हार्डवेयर मेसिनरी एण्ड सप्लायर्स	८८५००।००	सक्कल विजक नभएको
		जम्मा	१७१६६८।००	

प्रमाण पेश नगरेको	१,७१,६६८

२७.२ (१४९-2082-03-12):

खर्च पुष्ट्याईः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा खर्चका पुष्ट्याई राख्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले लघु उद्यम विकास कार्यक्रम वडा नं ६ मेल्लेखमा २०८१।१०।२० देखि ७ दिनसम्म मसला पाउडर बनाउने सीप विकास तालिम (१५ सहभागी) संचालन गरी रु ३९५०२८।०० खर्च लेखेको छ । उक्त कार्यक्रमका लागि मसला बनाउने र प्याकेजिङ गर्ने मेसिन खरिद गर्न २०८१।१०।१५ मा न्यु जिएम ट्रेड एण्ड सप्लायर्स कैलालीसँग संझौता गरेको छ । उक्त सप्लायर्सको बीजक नं ८६१।२०८२।२।१३ बाट ग्राइन्डिङ मेसिनसँग १६" मसला चक्की र ३ फेस इलेक्ट्रिक सामान (५ एचपी) सहितको १ सेटको रु १९५०००।०० तथा इम्पुलर सेलर (३०० एमएम) १ थानको रु ३८५०।०० मा मूअकर छुट उल्लेख गरी रु १९८८५०।०० मा मसला बनाउने मेसिन प्राप्त गरेको छ । उक्त मेसिन गाउँपालिकाको जिन्सी खातामा दाखिला नगरेको तथा उपयोग अवस्था खुल्ने अभिलेख संलग्न गरेको देखिएन । उक्त मेसिन जिन्सी खातामा दाखिला गरी उपयोग अवस्था खुल्ने प्रमाण पेश गर्नुपर्ने अन्यथा उक्त रकम उद्यम विकास सहजकर्ता बिमला सिंहलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	१,९८,८५०

२७.३ (१९०-2082-03-21):

मेसिनको उपयोगः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा खर्चका पुष्ट्याई (उपयोग अवस्था खुल्ने) राख्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले लघु उद्यम विकास कार्यक्रमबाट झोला सिलाउने जुक्की मेसिन २ थानको रु ११६२९०।०० र इन्टरलक मेसिन १ थानको रु २०९०५।०० गरी रु १३७२९५।०० मा इन्दु ट्रेडर्स कैलाली (वीजक नं १४०।०८२।३।१६) बाट खरिद गरेको छ । उक्त मेसिन गाउँपालिकाले वडा नं ३ मा हस्तान्तरण गरेको जनाएतापनि उपयोग अवस्था खुल्ने अभिलेख संलग्न गरेको देखिएन । उक्त मेसिन हस्तान्तरण गरेको र उपयोग अवस्था खुल्ने प्रमाण पेश गर्नुपर्ने अन्यथा उक्त रकम उद्यम विकास सहजकर्ता बिमला सिंहलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	१,३७,२९५

२७.४ **अनुदान फिर्ता**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा प्राप्त भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त विशेष र समपूरक अनुदान स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। यसैगरी सुदूरपश्चिम प्रदेश आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम ४४ मा प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा प्राप्त भएको वित्तीय हस्तान्तरणको

रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहेको सर्शत अनुदान, समपूरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित स्थानीय तहले प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाले पेश गरेको खर्चको फाँटवारी तथा अनुदान प्राप्ति विवरण हेर्दा निम्नानुसार रू. १३९४८७६४।७७ सङ्घ तथा प्रदेश अनुदानको रकम खर्च हुन नसकी सम्बन्धित तहको संचित कोषमा फिर्ता भएको छ । पालिकाले सङ्घ र प्रदेशबाट प्राप्त अनुदानको अधिकतम उपयोग हुने गरी खर्च गर्नुपर्दछ। पालिकाले सङ्घ र प्रदेशबाट प्राप्त अनुदानको अधिकतम उपयोग हुने गरी खर्च गर्नुपर्दछ।

क्रस	अनुदान विवरण	प्राप्त रकम	खर्च रकम	फिर्ता भएको रकम	फरक
१	नेपाल सरकार - शसर्त अनुदान चालु : नेपाल सरकार - नगद अनुदान	१२६६७४०००.	११९०६०६६४.४५	७६१३३३५.५५	०
२	नेपाल सरकार - शसर्त अनुदान चालु : आई डि ए - सोधभर्ना हुने ऋण (बैदेशिक)	५४२१०००.	४८५४४२०.	५६६५८०.	०
३	नेपाल सरकार - शसर्त अनुदान चालु : एस.इ.एस.पी. - सोधभर्ना अनुदान (बैदेशिक)	६१०००००.	३५१०२५९.७८	२५८९७४०.२२	०
४	नेपाल सरकार - शसर्त अनुदान चालु : एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक)	८१०००००.	६५९४९२३.	१५०५०७७.	०
५	नेपाल सरकार - शसर्त अनुदान चालु : युरोपियन युनियन - नगद अनुदान (बैदेशिक)	२००००००.	१८९२७७६.	१०७२२४.	०
६	नेपाल सरकार - शसर्त अनुदान पुँजीगत : आन्तरिक ऋण - नगद (आन्तरिक ऋण)	१००००००.	७३६४१३.	२६३५८७.	०
७	नेपाल सरकार - विषेश अनुदान पुँजीगत : आन्तरिक ऋण - नगद (आन्तरिक ऋण)	८००००००.	७८८१४३०.	११८५७०.	०
८	सुदुर पश्चिम प्रदेश - शसर्त अनुदान चालु : सुदुर पश्चिम प्रदेश - नगद अनुदान	७६००००.	५४८२००.	२११८००.	०
९	सुदुर पश्चिम प्रदेश - शसर्त अनुदान पुँजीगत : सुदुर पश्चिम प्रदेश - नगद अनुदान	६५०००००.	६१२८०४३.	३७१९५७.	०
१०	सुदुर पश्चिम प्रदेश - विषेश अनुदान पुँजीगत : सुदुर पश्चिम प्रदेश - नगद अनुदान	७००००००.	६४९०४२८.	५०९५७२.	०
११	सुदुर पश्चिम प्रदेश - समपुरक अनुदान पुँजीगत : सुदुर पश्चिम प्रदेश - नगद अनुदान	७१०००००.	७००८६७८.	९१,३२२.००	०
जम्मा		१७८६५५०००।००	१६४७०६२३५।२३	१३९४८७६४।७७	०.

सैद्धान्तिक बेरुजु

२७.५ **बैङ्क हिसाब विवरण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहाय अनुसार छ ।

क्रस	खाता	स्रेस्ता अनुसार	बैंक अनुसार	फरक
१	आन्तरिक राजस्व खाता	०	०	०
२	वाडफाडवाट प्राप्त राजस्व खाता	०	०	०
३	आन्तरिक अनुदान खाता	०	०	०
४	स्थानीय तह संचित कोष खाता	४०८८१२३.७	४८५६२१८.४३	७६८०९४.७३

५	स्थानीय तह धरौटी खाता	२९९७६९६.७१	३५१८४४५.०३	५२०७४८.३२
६	चालु खर्च खाता जोर वर्ष	०	०	०.
७	पुजीगत खर्च विजोर वर्ष	०	०	०
८	विविध खर्च खाता	९७६३९४.३१	९७६३९४.३१	०
९	स्थानीय तह आकष्मिक कोष खाता	६६११९९	६६११९९	०
	जम्मा	८७२३४१४	१००१२२५७	१२८८८४३

तालिकामा श्रेस्ता अनुसारको मौज्दात रु. ८७२३४१४।०० र बैङ्क स्टेटमेन्टनुसार वर्षान्तको मौज्दात रु. १००१२२५७।०० भई यी दुई बीचको फरक हिसाब रु.१२८८८४३।०० देखिएको छ । गाउँपालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२७.६ **पेश्कीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४६ मा पेश्की फर्स्यौट गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले देहाय अनुसार म्याद नाघेको पेश्की रु ६९६०००।०० फर्स्यौट गरेको देखिएन । उक्त पेश्की नियमानुसार असुल फर्स्यौट गर्नुपर्ने रु

गोभौ मिति	पेश्की पाउनेको नाम	पेश्की रु	प्रयोजन
६४।०८१।१२।२६	बोकटी एण्ड ब्रदर्स कन्स्ट्रक्सन	५९६०००।००	साप्रा सडक निर्माण योजना
१७८।०८१।११।१५	भक्तवहादुर सिंह	१०००००।००	पशुपालन तालिम
	जम्मा	६९६०००।००	

पेश्की	६,९६,०००

२७.७ (१९२-2082-03-22):

खर्च प्रभावकारिताः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ मा खर्चको प्रभावकारिता सुनिश्चित गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले वहुक्षेत्रीय पोषण कार्यक्रमबाट देहाय अनुसार वडा नं ३ का सुनौला हजार दिनका २५ आमाहरुलाई आय आर्जन गर्न रु २५०००।०० का दरले नगद अनुदान तथा वडा ६ मा एक घर एक करेसाबारी स्थानीय बीउवीजन रु ५९७८०।०० मा खरिद गरी वितरण गरेको छ । वितरित अनुदानको उपयोग अवस्था एकीन गरी खर्चको प्रभावकारिता सुनिश्चित गर्नुपर्दछ ।

गोभौ मिति	खर्चको विवरण	खर्च रु
१६।०८२।३।२२	वडा नं ६ का सुनौला १००० दिन समेतका १९६ महिला तथा कृषकलाई रु १०० प्रति प्याकेटको मुला रु ८०, रु ६०, रु ६५ प्रति प्याकेट मुल्यका क्रमशः रायो, सिमी तथा भिन्डीको बीउ एक।एक थान वितरण ।	५९७८०।००
१९२।०८२।३।२२	वडा नं ३ का सुनौला १००० दिनका २५ महिलालाई रु २५०००।०० का दरले बाख्रापालन (लाभग्राहीको लगानी रु १००००।००) गरी आयआर्जन गर्न नविल वैंक मार्फत नगद भुक्तानी ।	६२५०००।००
	जम्मा	६८४७८०।००

सैद्धान्तिक बेरुजु

२८ **योजना ब्यवस्थापन**

२८.१ **अधुरो योजनाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने र नियम ३५ मा कार्यक्रम प्रगतिको समिक्षा गरी प्रगति कम भएको भए सम्बन्धितलाई जिम्मेवार बनाई स्वीकृत वार्षिक कार्यक्रममा त्रैमासिकरुपमा तोकिएको लक्षित कार्यक्रम

समयमै सम्पन्न गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले ठेक्का नं. ५।०७७।७८ बाट वडा नं. ४ डौडमा १० शैया अस्पताल २०८१।४।३० भित्र निर्माण सम्पन्न गर्ने गरी रु ८४६३४३४७।८२ मा निर्माण व्यवसायी टिडीआर कन्स्ट्रक्सनसँग मिति २०७८।४।३० मा संझौता भएको छ । उक्त अस्पतालको २०८२।७।२१ मा स्थलगत निरीक्षण गर्दा देहाय अनुसार अधुरो रहेको पाइयो । यो वर्ष खर्च नभएको उक्त कामको लागि उपलब्ध गराएको पेश्की रु ८४०००००।०० को पेश्की जमानतको म्याद २०८१ आषाढमा नै सकिएको पेश्की जोखिममा परेको छ । निर्माण ब्यवसायीले सम्पन्न गरेको काम (रु २३१८२४२४।३५ पालिकाले अनुमोदन नगरेको) को रकम भुक्तानी गरी दिन गाउँपालिकामा अनुरोध गरेको छ । नियमानुसार पेश्की जमानतको म्याद थप गरी तोकिएको निर्माण कार्य पूरा गर्नुपर्ने रु



यसवाहेक देहायका योजना समेत समयमा पूरा नगरी अधुरो राखेको पाइयो । गाउँ कार्यपालिकाको २०८२।४।१५ को निर्णयले आवश्यक कागजात नविकरण गरी २०८२ पुषसम्म म्याद थप गरेको छ । तोकिए अनुसार समयमा निर्माण कार्य पूरा गर्न पर्याप्त तयरी गर्नुपर्दछ।

ठेक्का नं	निर्माण ब्यवसायीको नाम	संझौता मिति
३।सडक।२०८१।८२	माष्ट मसानी निर्माण सेवा	२०८२।१।३१
१।खानेपानी।२०८१।८२	बी.एण्ड बी. कन्स्ट्रक्सन	२०८१।१२।२२
२।खानेपानी।२०८१।८२	आर.एण्ड डी. कन्स्ट्रक्सन	२०८१।१२।१९

उल्लेखित आयोजना मध्ये ठेक्का नं १।खानेपानी।२०८१।८२ को मिति ०८२।७।२४ मा स्थलगत निरीक्षण गर्दा देहाय अनुसार रहेको पाइयो । योजना सम्पन्न गरी खानेपानी वितरणको ब्यवस्था मिलाउनुपर्दछ ।

पेश्की	८४,००,०००

२८.२ **वढी भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा खर्चका पुष्ट्याई राख्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले देहाय अनुसारका भुक्तानीमा विल भरपाई तथा पुष्ट्याई अपुग/नपुग रहेको देखिएको (उपभोक्ता समितिको हकमा जनश्रमदान पछिको) छ । उक्त वढी भुक्तानी रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु...

गोभौ मिति	वढी भुक्तानी पाउनेको नाम	कामको विवरण	वढी भुक्तानी रु	कैफियत
४३। ०८२। ३।२०	मष्टामाण्डौं मन्दिर निर्माण उपभोक्ता समिति वडा नं. ४	ए ग्रेडको सालको काममा खरिद २.२९ भएकोमा २.४८ घमिको नापी किताव बनाएको ।	३८९७६। ००	संलग्न विल भन्दा ०.१९ घमि वढी जडान गरेको देखाएको ।
१९५। ०८२। ३।२१	कुश कन्सल्ट प्रालि	१.५% अग्रीम कर १३०१०।०० हुनेमा रु ८५१०।०० कट्टि गरेको ।	४५००। ००	घटि कट्टि गरेको रु ४५००। ००
१४१। ०८२। ३।८	तेडी मन्दिर निर्माण उपभोक्ता समिति वडा ३ लुहारवडा	स्टोन मेसोनरी(१:६) को काममा डोर र भेन्टिलेसनको अंश ०.५९०४ घमिको रु ११०००।०० का दरले नघटाई खर्च लेखेको	५५२१। ००	कुल परिमाण १६.५६ मा डोर र भेन्टिलेसनको अंश ०.५९०४ घमि नघटाएको ।
२३३। ०८२। ३।२४	ठुलाखोली मन्दिर निर्माण उपभोक्ता समिति वडा २	स्टोन मेसोनरी(१:६) को काममा डोर र विन्डो १।१ को अंश ०.५४ घमिको रु १२८२५।०० का दरले नघटाई खर्च लेखेको ।	५८३०। ००	कुल परिमाण १२.६७ मा डोर र विन्डोको अंश ०.५४ घमि नघटाएको ।
२०९। ०८२। ३।२२	शिवालय मन्दिर निर्माण उपभोक्ता समिति, वडा २	ड्राई स्टोन मेसोनरी(१:६) को काममा डोर र विन्डो १। ३ को अंश ०.८४ घमिको रु १३२००।०० का दरले नघटाई खर्च लेखेको	९४३५। ००	कुल परिमाण १३.४७ मा डोर र विण्डोको अंश ०.८४ घमि नघटाएको ।

		जम्मा	६४२५२। ००	

असुल गर्नुपर्ने	६४,२५२

२८.३ **अपूरो कामः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा तोकिएका सवै काम पूरा गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले कचाली सडक निर्माण गर्न रु ९५५९८०।०० लागत अनुमान तयार गरी ३.३ प्रतिशत घटीमा शैलावती निर्माण सेवा प्रालिसँग सम्झौता भई रु ६२९०००।०० भुक्तानी गरेको छ। लागत अनुमानक अनुसारको काम पुरा गराउन गाउँपालिकाले ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

२८.४ (२२२-2082-03-24):
कार्य सम्पन्न प्रतिवेदनः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले दिपायल सिलगढी नगरपालिका वडा नं ४ पिपल्लामा सिद्धराज स्मृति भवन निर्माणका लागि जेएस कन्स्ट्रक्सनसँग २०८२।३।२० भित्र कार्य सम्पन्न गर्ने गरी रु ४८७७७३।०० को मिति २०८२।२।१४ मा संझौता गरेको छ । उक्त कार्यको रु ४७८०००।०० भुक्तानी गर्दा स्मृति भवनको कुल लागत अनुमान, कार्य सम्पन्न अवस्था लगायतका कागजात संलग्न गरेको छैन । कार्य क्षेत्र वाहिर गरेको उक्त खर्चको कुल लागत अनुमान र कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने रु..

प्रमाण पेश नगरेको	४,७८,०००

२८.५ **शिक्षा शाखाका कर्मचारीः** स्थानीय सरकार संचालन ऐन, २०७४ मा कर्मचारी ब्यवस्थापन सम्बन्धी बेहोरा समावेश छ । गाउँपालिकामा २९ सामुदायिक र २ संस्थागत विद्यालय रहेको प्राप्त विवरणबाट देखिन्छ । विद्यालय ब्यवस्थापन सम्बन्धी काम गर्न गाउँपालिकामा विद्यालय निरीक्षक १, प्राविधिक सहायक १ कार्यरत रहेको पाइयो । यस वाहेक गाउँपालिकाले देहायका थप कर्मचारी राखेको मनासिब देखिएन । जनता जर्नादन माध्यमिक विद्यालयका प्रावि द्वितीय श्रेणीका स्रोत शिक्षक रविन्द्र प्रसाद जोशीलाई विद्यालयमै पदस्थापन गरी शिक्षा शाखामा स्थायी दरबन्दी अनुसार पदपूर्ति रहेकै अवस्था थप कर्मचारीमा गरेको खर्च रु १०७७७२६।०० नियमित देखिएन । उक्त खर्च नियमित गर्नुपर्ने रु....

क्र.सं.	पद	कर्मचारीको नाम थर	मासिक तलव रु	कैफियत
१	खेलकुद प्रशिक्षक	रोशनवहादुर सिंह	३००००।००	
२	सहायक खेलकुद प्रशिक्षक	हर्कबहादुर नागरी	२००००।००	
३	दिवा खाजा सहजकर्ता	टेकराज जोशी	३२९०२।००	
	जम्मा वार्षिक खर्च		१०७७७२६।००	

अनियमित भएको	१०,७७,७२६

२८.६ **प्रगति नभएकोः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने र नियम ३५ मा कार्यक्रम प्रगतिको समीक्षा गरी प्रगति कम भएको भए सम्बन्धितलाई जिम्मेवार बनाई स्वीकृत वार्षिक कार्यक्रममा त्रैमासिकरुपमा तोकिएको लक्षित कार्यक्रम समयमै सम्पन्न गर्नुपर्ने ब्यवस्था छ । कार्यालयबाट यस वर्ष सञ्चालित ११० योजनामध्ये देहायका २ योजना काम नभएको देखिएको छ । योजनाहरुको प्राथमिकीकरणका आधारमा बजेट विनियोजन भई कार्यान्वयन भएको देखिदैन। योजना तथा कार्यक्रमको शुन्य प्रगति हुनुले कार्यालयको अपेक्षित लक्ष्य र प्रगति हासिल हुन सक्दैन। यसर्थ, प्राथमिकीकरण गरी कार्यान्वयनयोग्य कार्यक्रमहरुमा मात्र बजेट विनियोजन गर्नुपर्दछ।

क्र.सं.	योजनाको नाम	विनियोजित रु.	कैफियत
१	देउखोला आधारभूत विद्यालय बिरलकाडा शौचालय मर्मत योजना	४८०००।००	काम भएन ।
२	वडा नं. ५ को गाउँघर क्लिनिक निर्माण	१९२०००।००	काम नभएको ।
३	रिठा खानेपानी मर्मत योजना	९६०००।००	काम नभएको ।
४	विद्यालय शिक्षा क्षेत्र योजना (केन्द्रस्तर)(वउशीनं ३५००११०१३)	३२४६०००।००	खर्च नगरेको ।

सैद्धान्तिक बेरुजु

२८.७ **बीमाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रु २० लाख भन्दा वढीको निर्माण कार्य गर्ने निर्माण ब्यवसायीले निर्माण सामग्री, प्रयोग गरिने मेसिन, औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन हुने खर्चको बीमा गराउनुपर्ने ब्यवस्था छ । गाउँपालिकाले यो वर्ष ठेक्का नं २।सडक।०८१।८२ साप्रा सडक निर्माण योजना वडा ३ का निर्माण व्यवसायी बोकटी एण्ड ब्रदर्स कन्स्ट्रक्सन सँग २०८२।२।३० भित्र कार्य सम्पन्न गर्ने गरी रु २९८१३००।०० को २०८१।११।१९ मा संझौता गरेको छ । यो वर्ष भुक्तानी नभएको उक्त निर्माण कार्यको बीमा गराएको देखिएन । नियमानुसार निर्माण कार्यको बीमा गराई सम्भावित जोखिमको व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२८.८ **अधुरो कार्य -** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९(३ख) मा सेवा प्रदायक वा व्यवसायीले काम नगरेको कारणबाट सार्वजनिक निकायले काम गराउनु पर्दा लागेको थप लागतको दायित्व निज व्यवसायी ले व्यहोर्नु पर्ने व्यवस्था छ। कार्यालयले यो वर्ष उदाहरणको रुपमा देहायका कार्य मध्ये निर्माण ब्यवसायी/सेवा प्रदायकले तोकिएको समयमा कार्य सम्पन्न नगरेको कार्य तालिका अनुसार कार्य गर्न व्यवसायीलाई निर्देशन दिएको देखिएन। सम्झौता अवधिको शत प्रतिशत अवधि समाप्त हुँदा पनि व्यवसायीले कार्य नगरेको कारणले आयोजना अधुरा रहेको छ। यस्तो अवस्थामा सम्बन्धित व्यवसायीको कार्य योजना लिएर निर्माण/आपूर्ति कार्य गर्नुपर्दछ। सो अनुसार नगर्ने व्यवसायीको कारणबाट आयोजनाको समय र लागत वढ्दै गएको अवस्थामा ठेक्काको अवस्था विश्लेषण गरी उल्लिखित कानुनी व्यवस्था अनुसार बैकल्पिक माध्यमले कार्य गरेर वढी दायित्व आउने लागत सम्बन्धितबाट भराउने गरी कार्य सम्पादन गराउनुपर्दछ।

गोभौ मिति	निर्माण व्यवसायी/सेवा प्रदायकको नाम	संझौता रु	कामको विवरण	सम्पन्न गर्नुपर्ने मिति	भुक्तानी रु.
१७। ०८२। ३।२४	आर एण्ड डी कन्स्ट्रक्सन	५९८७०१६। ००	ग्वानी वडबाटा धामीलुसा र मुडबारा खानेपानी आयोजना वडा २	२०८२। ३।२०	५४६५४४६। ५५
४३। ०८२। ३।२०	मष्टामाण्डौं मन्दिर लगायत पर्यटकीय पुर्वाधार विकास निर्माण उपभोक्ता समिति वडा ४	२९५३१६७। ४०	मष्टामाण्डौं मन्दिर लगायत पर्यटकीय पुर्वाधार विकास निर्माण ।	२०८२। २।२०	२३७०७२५। ००
४७। ०८२। ३।२२	मष्टा मसानी कन्स्ट्रक्सन	५०९६९८०। ००	केराबारी झिग्राना पर्यटकीय सडक स्तरोन्नति वडा ४	२०८२। १।३१	५०९६९८०। ००

सैद्धान्तिक बेरुजु

२८.९ **करार कर्मचारीः** स्थानीय सरकार संचालन ऐन, २०७४ मा कर्मचारी ब्यवस्थापन सम्बन्धी बेहोरा समावेश छ । गाउँपालिकामा २८ स्थायी र १०२ करार कर्मचारी रहेको पाइयो । गाउँपालिकाले देहायका दरबन्दीमा रहेका कर्मचारीबाट सम्पादित कामको पुर्नमूल्यांकन गरी करार कर्मचारी राख्नुपर्दछ ।

क्र.सं.	पद	कर्मचारीको नाम थर	मासिक तलव रु	कैफियत
१	अमानत कर्मचारी	खड्क विष्ट	८३००।००	स्वास्थ्य इकाई भल्मा वडा नम्बर ४
२	अप्टिकल डिस्पेन्सर	तुलसी कुमारी मल्ल बोगटी	३२९०२। ००	न्युन संख्यामा सेवाग्राही रहेकाले दुईमध्ये १ जना भए कार्यसम्पादन गर्न सकिने
३	अप्टिकल डिस्पेन्सर	राजु डाँगी	३४७३०। ००	

सैद्धान्तिक बेरुजु

२९ **जिन्सी र अन्य व्यवस्था**

२९.१ **जिन्सीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६

महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ। यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

· पालिकाले गत विगतवर्षको मौज्दात रहेका र यसवर्षखरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइयो। कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ। अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

· यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन।

नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२९.२ **जिन्सी निरीक्षणः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन। नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२९.३ **अन्य कार्यालयको खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी निम्नानुसार ईलाका प्रहरी कार्यालय सायलका प्रहरी सहायक निरीक्षक धन बहादुर देउवालाई यो वर्ष दैनिक भ्रमण भत्ता लगायतमा रु ९१५४४।०० भुक्तानी गरेको देखियो। जसले गर्दा बजेटमा मितव्ययिता र प्रभावकारिता कायम भएको देखिदैन। पालिकामा यस्तो प्रकृतिको खर्चले थप अनुत्पादक व्ययभार वढ्दै जाने देखिन्छ। अत: पालिकाले यस्तो प्रकारको खर्चमा नियन्त्रण गरी भएको खर्च नियमित गर्नुपर्ने रु

गो.भौ. नं. र मिति	खर्च रु
४१।२०८१।८।५	१०००९।००
५६।२०८२।२।११	२४२९५।००
८४।२०८२।३।१४	७८००।००
१८६।२०८१।११।१९	३९९०।००
३२८।२०८२।१।१६	१३९५०।००
६४८।२०८२।३।२४	३१५००।००
जम्मा	९१५४४।००

अनियमित भएको	९१,५४४

२९.४ **परामर्श सेवाः** सार्वजनिक खरिद ऐन, २०६३ मा बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र विस्तृत आयोजना प्रतिवेदन लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य भएमा सोहि अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले देहायअनुसारका परामर्श सेवाखरिद गरी रु.२४३५५००।००खर्च लेखेको छ। पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने

कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा लागत अनुमान के हाराहारीमा भुक्तानी दिने सम्झौता गरी खर्च गरेको छ। अध्ययन प्रतिवेदन तयार भएको आयोजनाहरु कार्यान्वयनमा जाने सुनिश्चितता हुनु पर्दछ।

कार्य विवरण	परामर्शदाता	स्वीकृत रकम	खर्च रकम
ओ एन एम गाउँपालिका	रिसर्च सेन्टर फोर बेटर गभर्नेन्स प्रालि	२७००००।००	२५६६२५।००
केराबारी सडकको अदालतमा बहस गरेबापत	वकिल गंगाराम पाध्याय		७८५००।००
जग्गा वर्गिकरण	कुश कन्सल्टेन्ट प्रालि	९९००००।००	९८००००।००
झलना देखि ग्वानी वोडबाटा धामीलुसा र मुदभारा खानेपानी आयोजनाको डिपिआर	के एस ईन्जिनियरिङ कन्सल्टेन्सी	७९००००।००	७५२०००।००
घोगातल खानेपानी आयोजना डिपिआर	आर आर डिजाइन एण्ड बिल्डर्स प्रालि	३०७०००।००	२९२३२४।००
जम्मा		२४३५५००।००	२३५९४४९।००

सैद्धान्तिक बेरुजु

२९.५ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षणः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो पालिका र वडामा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्दा देखिएको व्यहोरा निम्न छ।

रु. हजा

सम्पत्ति	प्राप्त मिति	संख्या	खरिद/ प्राप्ति मूल्य	कैफियत
घर जग्गा क्षेत्रफल र संख्या सहित	२०७५	७ रोपनी	७००	
सवारी साधन (रु.१ लाखभन्दा बढी)	विभिन्न मितिमा	२०		विभिन्न मितिमा प्राप्त
उपकरण (रु.१ लाखभन्दा बढी)		५	मूल्य नखुलाएको	
बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन	मिति नखुलेको	१ बाइक		
अतिक्रमणमा परेको जग्गा	छैन			
अतिक्रमण हटाउन गरेको प्रयास	छैन			

पालिकाले जिन्सी सामग्रीको यथार्थ लगत राखी जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए बमोजिम जिन्सी मालसामानहरुको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार मर्मत, सम्भार तथा लिलाम बिक्री गरी जिन्सी व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

३० **विपद व्यवस्थापन**

३०.१ **कार्य योजनाः** विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ तथा नियमावलीको नियम ८ मा स्थानीय विपद व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषदबाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम कार्यकारी समिति र प्रदेश विपद व्यवस्थापन समितिबाट स्वीकृत एकीकृत तथा क्षेत्रगत नीति योजना र

कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, विपद व्यवस्थापनको लागि बजेट विनियोजन गर्ने, भौतिक संरचना निर्माण लगायतमा भवन संहिता लगायत स्वीकृत निर्देशिका वा मापदण्ड लागु गराउने लगायत उल्लेख छ। पालिकाले ऐन तथा नियमावलीमा भएका उल्लिखित प्रावधानहरुको प्रभावकारी पालना गरेको छैन। विपद व्यवस्थापको सम्बन्धमा ऐन नियम तथा संविधानले दिएको कार्यक्षेत्रको प्रयोग हुनु पर्दछ।

सैद्धान्तिक बेरुजु

३०.२ **वार्षिक प्रतिवेदन -** विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन। ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

३०.३ **सामुदायिक वन क्षेत्रको वन पैदावर विक्रीः**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनुपर्ने र सोही बमोजिम वन पैदावार विक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नु पर्ने व्यवस्था छ। त्यसै गरी वन ऐन, २०७६ मा वन पैदावार भन्नाले काष्ठ तथा गैर काष्ठ वस्तु र ढुंगा माटो नदी जन्य र खनिज जन्य पदार्थ समेतलाई सम्झनु पर्ने व्यवस्था उल्लेख छ। पालिका अन्तर्गतका सामुदायिक वन उपभोक्ता समितिहरुले वन पैदावार विक्री गरेको देखिन्छ तर पालिकाको संचित कोषमा नियमानुसार दाखिला हुनु पर्ने कुनै रकम दाखिला भएको अवस्था देखिदैन। यस सम्बन्धमा अनुगमन गरी सामुदायिक वन उपभोक्ताहरुको वन पैदावार विक्री वापतको आय नियमानुसार पालिकाको संचित कोषमा दाखिला हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३०.४ **आकस्मिक कोषः** विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा विपद व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद व्यवस्थापन कोषमा रहने र कोषमा रहने रकम खर्च स्थानीय तहले बनाएको नियम बमोजिम हुने व्यवस्था छ।पालिकामा विपद व्यवस्था कोषमा गत बर्षको मौज्दात र यो वर्षको आम्दानी गरीरु. ६,६११९९।०० आम्दानी प्राप्त भएकोमा कोषबाट यो वर्षमा कुनै खर्च नभई सबै बाँकि रहेको देखियो। विपद व्यवस्थापन सम्बन्धी कार्यलाई प्रणालीगत तथा संस्थागत बनाउन आवश्यक कानूनी तथा संस्थागत व्यवस्था गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

३१ ठेक्का व्यवस्थापन

३१.१ **वार्षिक खरिद योजना/ गुरुयोजना** ः सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रु. १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक रु. १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.७७३४४०००।०० पूँजीगत खर्च/ खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/ गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

क्र.श	आयोजनाको विवरण	ठेक्का न	बोलपत्रदाता	लागत अनुमान	सम्झौता रकम	घटी प्रतिसत
	घोगातल खानेपानी					

१	[illegible] आयोजना वडा न. ०५	SRM/NCB/2081-82/CW/WS/01	बी एण्ड बी कन्स्ट्रक्सन	३९,९८०००।००	२९,१०,०००।००	२७.२%
२	केराबारी झिग्रेना पर्यटकीय सडक स्तरोन्नति आयोजना वडा न. ०४	SRM/NCB/2081-82/CW/Road/03	मष्टा मशानी कन्स्ट्रक्सन	७९,४६,०००।००	५०,९६,०००।००	३५.८६%
३	स्वास्थ्य भवन निर्माण वडा न. ०२	SRM/NCB/2081-82/CW/Building/01	बी एण्ड बी कन्स्ट्रक्सन	६४,१०,०००।००	३७,९८,०००।००	४०.७ %
४	मेल्लेक डुमरी घोगातल अशुद्वाला सडक निर्माण योजना वडा न. ०५	SRM/NCB/2081-82/CW/Road/01	सिर्जना निर्माण सेवा	७७,१६,०००।००	३५,८३,०००।००	५३.५ %
५	सप्रा सडक निर्माण योजना वडा न. ०३	SRM/NCB/2081-82/CW/Road/02	संगम निर्माण सेवा	५४,६७,०००।००	२९,८१,०००।००	४५.४७ %
६	झलना देखि ग्वानी, धामीलुषा ,मुडभारा खानेपानी योजना वडा न. ०२	SRM/NCB/2081-82/CW/WS/02	आर डी. कन्स्ट्रक्सन	८१,६८,०००।००	५९,८७,०००।००	२६.७० %

सैद्धान्तिक बेरुजु

३१.२ **ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राखुपर्दछ।

सैद्धान्तिक बेरुजु

३१.३ **सफ्टवेयर खरिदः**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यवस्था रहेको छ। स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु. ७९२०००।००खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन। पालिकाले सफ्वेयर सम्बन्धित निकायबाट स्वीकृति लिई प्रयोग गर्नुपर्दछ। त्यसै गरीराजस्व व्यवस्थापनको लागि खरिद गरिएको राजस्व व्यवस्थापन प्रणाली सफ्टवेयर प्रयोगमा आएको देखिएन। खरिद गरिएका सफ्टवेयरहरु प्रयोगमा ल्याउनु पर्दछ।

क्र.स.	सफ्टवेयर र एपकोनाम	खरिदमिति	कम्पनी	खरिदमुल्य	खरिदआ.व.	कैफियत

१	इन्टिग्रेटेड मोबाइल एप्लिकेशन र ग्रुप एसएमएस	२०८१।९।७	अनि सफ्ट सोलुसन प्रालि	२९६०००।००	२०८१।८२	संचालनमा रहेको
२	डिजिटल नागरिक वडापत्र	२०८१।१२।२८	अनि सफ्ट सोलुसन प्रालि	४९६०००।००	२०८१।८२	संचालनमा नरहेको

सैद्धान्तिक बेरुजु

३१.४ **उपभोक्ता समिति मार्फत कार्य**

सुदूरपश्चिम प्रदेश उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ को उपभोक्ता समितिको गठन सम्बन्धी व्यवस्थाको बुँदा नं ७(१) (ग) मा उपभोक्ता भेला गरेको माइन्युट, फोटो र दृष्य सामग्री संलग्न गर्नु पर्नेमा नगरेको, साथै उपभोक्ता समितिले विभिन्न काम गर्दा उपस्थित व्यक्तिहरुको सामुहिक फोटोहरु संलग्न गरेमा कामको विश्वसनियता वृद्धि गर्न थप गर्न सहयोग पुऱ्याउने उल्लेख छ। पालिकाले सो अनुसार गरेको देखिने प्रमाण पेश गरेको देखिदैन। यस्तो अवस्थामा उपभोक्ता समितिको नामबाट भएका विभिन्न बैठक तथा सार्वजनिक सुनुवाई सहितका कार्य यथार्थरुपमा सबै प्रकृया पुरा गरी भएका हुन भनि विश्वस्त हुने अवस्था छैन। यस्ता कार्यमा सुधारका लागि सरोकारवाला सबैको ध्यान जान आवश्यक देखिन्छ।

सैद्धान्तिक बेरुजु

३१.५ **लागत सहभागिताः**

पालिकाले आयोजना/ कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ। तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन्। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

३१.६ **कन्टिन्जेन्सी खर्चः** सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची १ मा वर्क चार्ज स्टाफ खर्च, सानातिना अन्य खर्च तथा फिजिकल कन्टिन्जेन्सी खर्च गर्ने सन्दर्भमा सम्बन्धित मन्त्रालय वा केन्द्रीय निकायबाट कार्यविधि स्वीकृत गराई खर्च गर्नुपर्ने ब्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार पालिकाले यो वर्ष कन्टिन्जेन्सी निम्नानुसार रू.१३६५०००।००।०० खर्च गर्दा नियमावलीमा व्यवस्था भए अनुरुप पालिकालको केन्द्रीय निकाय अर्थात कार्यपालिकाबाट कार्यविधि स्वीकृत गरी खर्च गरेको देखिएन। तसर्थ कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी कार्यमा एकरुपता र वैधानिकता प्रवर्द्धन गर्न आवश्यक कार्यविधि स्वीकृत गराई खर्च गर्नुपर्दछ।

क्र.**स.**	कन्टिन्जेन्सीको विवरण	खर्च रकम
१	ज्याला	३००००।००
२	फिल्ड भत्ता	१२०००००।००
३	इन्धन	२००००।००
४	मर्मत	४५०००।००
५	मसलन्द	०
६	निर्माण खर्च	०
७	सम्बन्धित विभागमा पठाएको	००
८	अन्य	७००००।००
जम्मा		१३६५०००।००

सैद्धान्तिक बेरुजु

३२ प्रधानमन्त्री रोजगार कार्यक्रम

३२.१ छनौटको आधार - स्थानीयस्तरमा सूचीकृत बेरोजगार युवालाई रोजगारीको अवसर सिर्जना गरी उपलब्ध अवसरहरूमा लक्षित वर्गको पहुँच अभिवृद्धि र रोजगार सेवा तथा सुविधाको विस्तारबाट श्रम बजारमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहले युवा रोजागरीका लागि रूपान्तरण पहल आयोजना सञ्चालन गर्नुपर्ने व्यवस्था छ।स्थानीय तहमा बेरोजगार युवालाई रोजगारी दिने उद्देश्यले युवा रोजागरीका लागि रूपान्तरण पहल आयोजना कार्यविधि, २०७९ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५, अनुरूप पालिकाका ६ वटै वडामा कार्यक्रम सञ्चालन गरी रू ४७६२८१३।४८ खर्च गरेको छ।यसबाट तत्कालका लागि रोजगारी सिर्जना भएको भएपनि उक्त कार्यक्रमले दीर्घकालीन रोजगारी सिर्जना गर्न सकेको देखिएन। कार्यक्रम सञ्चालन निर्देशिकाको उद्देश्य बमोजिम कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३२.२ बेरोजगारको प्राथमिकीकरण- स्थानीय तहमा सुचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन रहेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा २१ बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर सूचीमा समावेश भएकाहरुलाई प्राथमिकीकरण गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा कार्यालयले बेरोजगारको सूचिमा समावेशलाई प्राथमिकीकरण गरेपनि प्राथमिकताका आधारमा रोजगार प्रदान गरेको छैन। कामका लागि रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी धेरै संख्यामा योजना छनोट भएको पूर्वाधार एवम अन्य विकास निर्माणका लागि अधिकांश योजना छनोट नभई अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनोट भएका छन। साथै श्रमिकको संख्या पनि धेरै रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हासिल गर्ने गरी कार्यान्वयन भएको पाइएन।निर्देशिकामा उल्लिखित व्यवस्थाको पालना हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

३२.३ प्रधानमन्त्री रोजगार कार्यक्रम - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थितरुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रमा पालिकाका ६ वटै वडामा योजना सञ्चालन गरी यस वर्ष ७५ जनालाई औसत ९० दिनले ९० दिनको रोजगारी उपलब्ध गराई रु. ४७६२८१३। ४८ श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ।

यस आर्थिक वर्षमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन भएका योजनाहरु विवरण देहाय बमोजिम छः

वडा नं	कार्यक्रम/ योजनाको नाम	विनियोजित बजेट	खर्च रु.	ज्यालामा भएको खर्च (१% करकट्टि बाहेक)	रोजगार संख्या	औषत रोजगारी दिन
६	सिमल मन्दिर निर्माण	८०१६००।००	८०१६००।००	७९३५८४।००	१३	१००
१	कालिका आवि गोरेटो बाटो	२२६१०९।१६	२२६१०९।१६	२२५११६।००	५	९८

३	सडक मर्मत तथा सम्भार	१२६९२००।००	१२६९२००।००	१२५६५०८।००	३८	५०
५	जिउलो घोरेटो बाटो	३८३४३२।००	३८३४३२।००	३७९५९७।६८	१२	४८
३	वडा नम्बर ३ देखी साप्रा जाने सडक मर्मत तथा वाल निर्माण	७९८२६०।००	७९८२६०।००	७९०२७७।६०	१२	९९
४	बाहानी खोला तथा बसैइ तट्बन्धन	४२५५१६।००	४२५५१६।००	४२१२६०।८४	१३	४९
२	वडा नम्बर २ वडा कार्यालय घेरबार निर्माण	३९९४६४।००	३९९४६४।००	३९५४६९।३६	१३	४६
१	पुजारा गाउँ पणमेली मातेचोला घोरेटो बाटो	५३४४००।००	५३४४००।००	५०१०००।००	८	९४

यो वर्ष र गतवर्षको रोजगारी उपलव्ध गराएको विवरण देहाय अनुसार छ ।

सि.न.	आ.व.	दर्ता गरिएको बेरोजगारी संख्या	दर्ता भएको मध्येबाट रोजगारी प्रदान गरिएको संख्या	रोजगारी प्रदान गरिएको दिन	
				जम्मा दिन	प्रति व्यक्ति दिन
१	२०८०/८१	२०९७	८७	८४१०	१००
२	२०८१।८२	११८४	७५	७५००	१००

यस पालिका भित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ७५ जनालाई रोजगारी उपलव्ध गराई रु.४८१७३४२।०० खर्च गरेको छ। लक्षित वर्गलाई १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेको छ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सिर्जना भएतापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन। अतः दीर्घकालीन रोजगारीसिर्जना हुने गरी खर्च गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३२.४ व्यवस्थाको पालना - प्रधानमन्त्री रोजगार कार्यक्रम (सञ्चालन तथा निर्देशिका) २०७५ दफा ७३ को ४ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रमको गाउँपालिकाले चौमासिक तथा वार्षिकरूपमा समीक्षा गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट सञ्चालित उक्त कार्यक्रमको माथि उल्लेखित व्यवस्था अनुसार कार्य समीक्षा गरी प्रतिवेदन सार्वजनिक गरेको अभिलेखबाट देखिएन। कार्यक्रमहरूको लागत र उपलब्धिको सम्बन्धमा पारदर्शिता जवाफदेहिता र प्रभावकारिता अभिवृद्धि गर्न निर्देशिकाको व्यवस्थाको परिपालना प्रभावकारीरूपमा गर्नुपर्दछ।

३३ शिक्षा तर्फ

३३.१ खर्च पुष्ट्याईः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ मा खर्चको पुष्ट्याईं राख्नुपर्ने व्यवस्था छ।पालिकाले केदारेश्वर आ वि , सायद-३ साप्राका शिक्षक धनराज बोहरा (प्रा वि)लाई गो भौ नं १७६, २०८२।३।१७ बाट तलबी निकास विवरण अनुसार २०८२ असार ६ गते सम्म(अन्तिम त्रैमासिक) रू ९६४३३।४० तलव निकासा भएको देखिन्छ तर निजले लिएको रमानापत्रमा १०८१ चैत्र ३१ सम्मको मात्र तलव भुक्तानी भएको उल्लेख छ। निज शिक्षक सरूवा भई गएको श्री धौलदेउ मा वि., सुर्मा गा पा ५ सेनेगाउँ , बझाङबाट अन्तिम त्रैमासिक (बैशाख, जेठ र असार ६ गते सम्म) को तलब भुक्तानी नभएको भन्नेमा एकिन हुन सकिएन।तसर्थ निज शिक्षकले दुवै विद्यालयबाट तलब भुक्तानी लिन सक्ने जोखिम भएकोले श्री धौलदेउ मा वि., सुर्मा गा पा ५ सेनेगाउँ , बझाङबाट अन्तिम त्रैमासिक (बैशाख, जेठ र असार ६ गते सम्म) को तलब भुक्तानी नलिएको व्यहोरा खुल्ने प्रमाण संलग्न गर्नुपर्दछ। दोहोरो तलब भुक्तान नभएको प्रमाण पेश रू

प्रमाण पेश नगरेको	९६,४३३.४

३३.२ बढी भुक्तानीः

बढी भुक्तानीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम १० मा सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको एकिन गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले उक्त व्यवस्थाको पालना नगरी देहाय अनुसारको खर्च गरेको छ। उक्त रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु

क) कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१/८२ मा प्राविधिक धार(कक्षा ९-१०) मा कार्यरत प्राविधिक, सहायक शिक्षकले प्रति महिना ३ हजारका दरले एक वर्षामा १० महिनाको मात्र भुक्तानी पाउने व्यावस्था छ।पालिकाले भवानी माध्यमिक विद्यालय लुसीकोट (प्राविधिक धार कक्षा ९-१०) मा कार्यरत देहायका प्राविधिक, सहायक शिक्षकलाई गो.भौ.नं. १७६ मिति २०८२।३।१७ अनुसार एक वर्षामा १२ महिनाकै भत्ता भुक्तानी गरेको पाइयो। यसरी प्रति शिक्षक ३ हजारका दरले हुने २ महिनाको बढी हुन आउने प्रति शिक्षक रू ६०००।०० का दरले हुने रू ४२०००।– सम्बन्धित शिक्षकबाट असुल गर्नुपर्ने रु

क सं	शिक्षकको नामथर	पद।तह	भत्ताको दर रू	बढी भुक्तानी भएको २ महिनाको भत्ता रू	कैफियत
१	विमल कापडी	मा वि प्र	३०००	६०००	
२	कमल सुवेदी	मा वि प्र	३०००	६०००	
३	विरेन्द्र रोकाया	उ मा वि प्रा	३०००	६०००	
४	खेमराज बुढा	मा स प्र	३०००	६०००	
५	कैलाश ओली	मा स प्र	३०००	६०००	
६	शौरभ खड्का	उ मा वि	३०००	६०००	
७	गोविन्द बोहोरा	मा वि प्र	३०००	६०००	
	जम्मा रू		२१०००	४२०००	

ख) जनता जनार्दन माध्यमिक विद्यालय सायल ४ को राहत (मा वि) शिक्षिका शान्ति कुमारी भण्डारीले मिति २०८१।१२।११ मा राजिनामा दिएकोमा निजले तेस्रो चौमासिकको तलब निकासा हुँदा गो भौ नं ७५, २०८१।१२।२० बाट २०८१ चैत्र महिनाको ११ दिनको तलव रू १६०१६।०० मात्रै भुक्तानी हुनुपर्नेमा रू २६०२८।०० भुक्तानी भई रू १०१९२।०० बढी भुक्तानी भएको देखिन्छ।तत्कालीन शिक्षिका शान्ति कुमारी भण्डारीबाट बढी भुक्तानी भएको रु १०१९२।०० असुल गर्नुपर्ने रू

असुल गर्नुपर्ने	५२,१९२

३३.३ छात्रवृत्ति सहायता सार्वजनिकिकरण

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ। अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ मा निजी लगानीको विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई नि:शुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ। शिक्षा नियमावली, २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ। यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वियनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ।

क्र.सं.	विद्यालयको नाम	ठेगाना	सञ्चालित कक्षा	विद्यालय कोड	कैफियत
१	लाली गुराँस एकेडेमीबोर्डिङ् स्कुल	सायल-६ मेल्लेक डोटी	६	700280012	
२	लिटिल स्टार विद्यानिकेतन	सायल-२ओडवाटा डोटी	५	700490020	
३	सनसाइन मेमोरियलबोर्डिङ् स्कुल	सायल-३ नौतली डोटी	५	700490021	सञ्चालनमा नभएको
४	खसड एकेडेमी	सायल ६			२०८२

सैद्धान्तिक बेरुजु

३३.४ शैक्षिक गुणस्तर

सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय सरकारको अग्रणी भुमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानिय तहले बाल विकास केन्द्रहरुको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामाग्रीमा समसममयिक सुधार, प्रधानाध्यापकहरुको व्यवस्थापकीय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रकृयामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढिकरण, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मूल्याङ्कन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यवसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धि कुनै पनि कार्य गरेको देखिएन। यसमा सुधारका लागि पालिकाको ध्यान जानु पर्दछ।

सैद्धान्तिक बेरुजु

३३.५ शिक्षक विद्यार्थी अनुपात

स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षककोपदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। विद्यालय समायोजन कार्यान्वयननिर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षासमन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्नेविद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुदाँ नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागिविद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ।नमूना परीक्षणका क्रममा पालिकाअन्तर्गत रहेका २९ सामुदायिक विद्यालयको पालिकाबाट प्राप्त विवरण अनुसार शिक्षकविद्यार्थी अनुपात निम्नानुसार रहेको छ।

यस पालिकामा रहेका विद्यालयमध्ये शिक्षक विद्यार्थी अनुपात ६ देखि ७५ सम्म रहेको प्राप्त विवरणबाट देखिन्छ। सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरबन्दी न्यून अवस्थामा रहेको र कतिपयमा न्यून विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढ्न गरेको अवश्था देखिन्छ। अत: न्यून विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यानदिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

(विस्तृत विवरण बेरूजु दफा ३३.५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३३.६ **IEMIS अद्यावधिक**

शिक्षा तथा मावन स्रोत विकास केन्द्रद्धारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१/८२ मा विद्यालयलाई दिवा खाजा, छात्रवृत्ती, नि:शुल्क पाठ्यपुस्तक लगायतका अन्य अनुदान निकासा दिदा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यपन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा निकासा दिनुपर्ने व्यवस्था छ। पालिका भित्र रहेका विद्यालयको IEMIS विवरण अद्यावधिक रहेको देखिएन।जसका कारण पाठ्यपुस्तक वितरण, विद्यालय खाजा तथा छात्रवृत्ति वितरण सम्बन्धमा एकिन हुन सकिएन। तसर्थ विद्यार्थीको संख्यात्मक विवरण अद्यावधिक राख्न तयार गरीएको प्रणालीमा विवरण अद्यावधिक गराई सत्यापन समेत गरी सोही बमोजिम निकासा गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

३३.७ **स्यानिटरी प्याडः** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने तथा दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिकरुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरुको लागि पालिकाले सामुदायिक विद्यालयका छात्राहरूलाई नि:शुल्क स्यानिटरी प्याड व्यवस्थापन शीर्षकबाट गो भौ नं २०९।२०८२-३-१३ मा १२००० थान स्यानिटरी प्याड भद्र पशुपति प्याड उद्योगबाट रु.५४२४००।०० (मू अ कर समेत) मा खरिद गरेको छ।खरिद गरिएको प्याडहरू स्टोर दाखिला भएको नदेखिएकोले खरिद गरिएकै परिमाणमा प्याड पालिकाले प्राप्त गरेको छ भन्न सकिएन।साथै उक्त खरिद गरिएको प्याड वितरण नगरी राखिएको छ।आर्थिक वर्षमा २०८०।८१ मा खरिद गरिएको मध्ये नौ बोरा स्यानिटरी प्याड मौज्दात रहेकै अवस्थामा यो वर्षको अन्तमा खरिद गरिनु र लेखापरीक्षण हुँदाका बखतसम्म दाखिला तथा वितरण गरेको नदेखिएबाट उक्त खरिद कार्यको औचित्य पुष्टि हुने देखिएन।साथै खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षितरुपमा राखेको पाईएन। प्राविधिक परिक्षणका क्रममा Acid, Alkali, PH of absorbent material, कम्तिमा ९० प्रतिशत Degrade within 6 months को मापदण्डमा परीक्षण भएको अभिलेखमा देखिएन। तसर्थ पालिकाले आवश्यकता र औचित्यताको आधारमा खरिद गर्ने, खरिद प्याडको स्टोर दाखिला गर्ने, प्रभावकारी भण्डारण गर्ने, हस्तान्तरित अभिलेख राख्नुपर्ने साथै तोकिएको Specification अनुसार प्याड खरिद गरी परिक्षण समेत गरी प्रभावकारी अभिलेखन गर्नुपर्दछ।साथै आवश्यकता पहिचान नगरी खरिद गर्दा हनसक्ने अनियमितता तर्फ पालिका सचेत भई उक्त मौज्दात स्यानिटरी प्याडको दाखिला, वितरण र उपयोगको प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	५,४२,४००

३३.८ सायल गाउँपालिका शिक्षण व्यवस्थपान सम्बन्धि कार्यविधि २०७६ को दफा ३ मा शिक्षण सहजकर्ताको दरबन्दी

सिर्जना गरी पदपूर्ति गर्न सकिने व्यवस्था छ।गाउँपालिकाले दरबन्दी सिर्जना नगरी 29 विद्यालयलयमा ४8 सहजकर्ता नियुक्ति गरी वार्षिक रू ९७९१९००।०० पारिश्रमिक खर्च निकासा गरेको छ।पालिकालाई थप आर्थिक दायित्व सिर्जना हुने गरी सहजकर्ता नियुक्ति गर्दा स्वीकृत दरबन्दीमा मात्रै नियुक्त गर्ने तर्फ ध्यान ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

३३.९ **सामुदायिक सिकाई केन्द्रः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१/८२ को ६.७ मा स्थानीय तहको शिक्षा शाखाले नियमितरुपमा सञ्चालनमा रहेका सामुदायिक सिकाई केन्द्रको स्थलगतनिरिक्षण गरी वार्षिक साधारण सभा भएको, विद्यान बमोजिम पदाधिकारीको निर्वाचन भएको, साधारणसभाबाट बजेट र कार्यक्रम प्राप्त गरेको गत आर्थिक वर्षको खर्च स्वीकृत गरेको र लेखापरीक्षण गरी प्रतिवेदन पेश गरेको लगायतको मापदण्ड पुरा गरेका सामुदायिक केन्द्रहरुलाई एकमुष्ट रु. ३०००००।०० अनुदान उपलब्ध गराउने उल्लेख छ। शैक्षिक पहुँचमा सुनिश्चितता, अनौपचारीक तथा वैकल्पिक शिक्षा कार्यक्रम अन्तर्गत सामुहिक सिकाई केन्द्र संचालनमा निम्न सिकाई केन्द्रलाई संचालन अनुदान निकासा भएको देखियो। उक्त केन्द्रलाई निकासा भएको अनुदानको उपयोग र उपलब्धि खुल्ने प्रगति प्रतिवेदन पेश गरेको देखिएन। अत: अनुदानउपयोगको प्रतिवेदन पेश गर्नुपर्ने देखिन्छ।

क्र. सं.	सामुदायिक सिकाइ केन्द्रको नाम	ठेगाना	IEMIS कोड	केन्द्र परिचालकको नाम
१	आदर्श सामुदायिक सिकाइकेन्द्र	सायल-३ डोटी	७०००८०१	रिक्त
२	गैर्याल सामुदायिकसिकाइ केन्द्र	सायल-४ डोटी	७०००८०३	केन्द्रको वजेट विनियोजन नभएको सञ्चालनमा नरहेको
३	छपाली सामुदायिक सिकाइकेन्द्र	सायल-१ डोटी	७०००८०२	विनिता थापा पुजारा यसमा रू तीन लाख अनुदान उपलब्ध गराएको।

सैद्धान्तिक बेरुजु

३३.१० **प्रति विद्यार्थी लागत**

विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुँदा नं १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि विद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्य अध्ययन गर्नुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत रहेका २९ सामुदायिक विद्यालयबाट प्राप्त विवरण अनुसार विद्यालयलाई भएको कूल निकासाको आधारमा प्रति विद्यार्थी लागतको विवरण निम्नानुसार छन। पालिकाबाट प्राप्त विवरण अनुसार पालिका अन्तर्गतका निम्नानुसार २९ सामुदायिक विद्यालयलाई यो वर्ष कूल रू. १०८६१३०६४ चालु खर्चको लागि भएको निकासाको आधारमा कुल ४०८८ जना विद्यार्थीको आधारमा प्रति विद्यार्थी लागत रू २६५६८।७५ रहेको देखिन्छ।उल्लेखित प्रति विद्यार्थी लागत अनुसार विद्यालयमा शिक्षक र विद्यार्थीको अनुपात मिलान गरी शैक्षिक गुणस्तर सुधारमा पालिकाले जोड दिनुपर्दछ।साथै विद्यालयलाई अन्य विद्यालयहरुमा समायोजन गर्न आवश्यक अध्ययन गर्नुपर्छ।

शिक्षा नियमावली,२०५९ को नियम ४ र सो को अनुसूची ३को ठ अनुसार हिमाली क्षेत्रमा १ शिक्षक बराबर ४५ जना विद्यार्थी र पहाडी क्षेत्रमा १ शिक्षक बराबर ४० विद्यार्थी हुनुपर्ने व्यवस्था छ। यस पालिकाका विद्यालयमा शिक्षक विद्यार्थी अनुपात वितरण व्यवस्थित भएको देखिएन। पालिकाबाट प्राप्त शिक्षक तथा विद्यार्थी अनुपात विवरण विश्लेषण गर्दा देहायका विद्यालयमा विद्यार्थीको अनुपातमा शिक्षकहरूको सङ्ख्या बढि रहेको पाइन्छ। भौगोलिक अवस्था, औचित्यता र आवश्यकता समेतलाई ध्यानमा राखी विद्यार्थी सङ्ख्या कम भएका विद्यालयहरूलाई नजिकको विद्यालयसँग समायोजन गरी सञ्चालन गर्न उपयुक्त हुने देखिन्छ।

सैद्धान्तिक बेरुजु

(विस्तृत विवरण बेरूजु दफा ३३.१० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३३.११ **अनुदानको अनुगमन**

शिक्षा तथा मानव स्रोत विकास केन्द्र द्वारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ मा भएको व्यवस्था अनुसार स्थानीय तहले अनुदान प्राप्त विद्यालयले निर्धारित मापदण्ड र प्रक्रीया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मावन स्रोत विकास केन्द्रमा पठाउनु पर्ने व्यवस्था छ।

पालिकाले अन्तर्गतका विद्यालयहरुलाई यो वर्ष निम्नानुसार रू. १०८६१३०६४ अनुदान निकासा गरेकोमा उल्लिखित व्यवस्था अनुसार नियमित अनुगमन गर्ने तथा प्रतिवेदन दिने गरेको देखिएन। कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लिखित व्यवस्था अनुसार नियमित अनुगमन हुनुपर्दछ।

शिकाई केन्द्र अनुदान	२	३०००००	१रिक्त
वाल विकास पिसिएफ अनुदान	३८	४८५०००	९७०जना
विद्यालय सञ्चालन व्यवस्थापन अनुदान	२९	५२५०००	
प्रति विद्यार्थी लागत (प्रविधिक धार समेत)		१५११५००	
पालिका शिक्षण सहजकर्ता अनुदान	२९	९७९१९००	
पालिकावाट थप तभ निकासा	३३	४८५७०००	१ वालविकास सहित
स्थायी शिक्षक राहत तथा प्रशिक्षक तभ	२९	६२३४६२४८	
वालविकास र कर्मचारी त भ	29	७३८५५००	
नीजीस्रोत वा आन्तरिक स्रोतबाट नियुक्त शिक्षककोतलब भत्ता		0	
जम्मा	३१७	१०८६१३०६४	०

सैद्धान्तिक बेरुजु

३४ शिक्षा र स्वास्थ्य

३४.१ औषधिको अभिलेख व्यवस्थापन

स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखालको च नं २०७३ पत्र सं २०८१-८२, मिति २०८२/०३/३० को पत्रानुसार Elmis लाई PAMS मा integration गर्ने प्रयोजनका लगि PAMS V2 लागु गर्न आ.व. २०८१/८२ आषाढ मसान्तसम्म भएको सम्पूर्ण तथ्यांकलाई अध्यावधिक गरि मिति २०८२ श्रावण १५ गते भित्र जिन्सी खाता प्रिन्ट गरी राख्न तथा सो सम्बन्धी म्यानुअल (पेपर) मा तयार गरी राख्न अनुरोध भै पत्राचार भए पनि सो हुन नसकेको देखियो। यसले गर्दा पालिकामा के कति औषधि नयाँ खरिद भएका तथा भण्डारण भएका हुन भन्ने एकिन विवरण प्राप्त नभएकोले औषधिको अद्यावधिक अवस्था एकिन गर्न सकिएन। पालिकाले प्रचलित कानुन र तालुक निकायको परिपत्रको परिपालना गरी भरपर्दो र सुरक्षित अभिलेख व्यवस्थापन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३४.२ न्यानो झोला कार्यक्रम

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१।८२ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ। पालिकामा यो वर्ष ६ वटा Birthing Centre मा ३९६ शिशुका जन्मिएका अभिलेखबाट देखिन्छ। पालकाले यस वर्ष ३०० थान न्यानो कपडा खरिद गरि गो भौ नं १३६, २०८२।३।५ बाट प्रति थान रू ५३० का दरले जम्मा रू १५९०००।०० भुक्तानी गरेको देखिन्छ। पालिकामा जन्मिएका शिशुको संख्या ३९६ भएतापनि खरिद गरिएका ३०० थान न्यानो कपडा वितरण नगरी मौज्दात रहेको देखिन्छ। लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ। खरिद भएका न्यानो झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको सम्बन्धमा मापदण्डको पूर्ण रूपमा परीक्षण गरेको देखिएन। तसर्थ परिक्षणका लागि आवश्यक व्यवस्था गरी माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय न्यानो झोला खरिद गर्नुपर्दछ। साथै त्यसको समयमै प्रभावकारी वितरणको व्यवस्था मिलाउनुपर्दछ।

३४.३ कडा रोग उपचार खर्च

मृगौला प्रत्यारोपण गरेका डायलाइसिस गरिरहेका क्यान्सर रोगी र मेरुदण्ड पक्षाघातका बिरामीलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ को बुँदा नं. ४ मा नेपाल सरकारले तोकेको मासिक पाँच हजार रुपियाँको दरले यस कार्यविधिमा तोकिएका कडा रोगीहरुको बैङ्क खातामा जम्मा गरिने तर नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा आधिकांश स्वामित्व भएका संस्थाबाट रोजगारी वा पेन्सन वा विदेशी सरकारबाट रोजगारी वा पेन्सन प्राप्त गरिरहेका व्यक्तिलाई यस निर्देशिका बमोजिमको सुविधा प्रदान नगरिने उल्लेख छ। त्यसै गरी बुदाँ नं. ८ मा मन्त्रालय र प्रदेश सरकारको स्वास्थ्य हेर्ने मन्त्रालयले उपचार खर्च सम्बन्धी कार्यको नियमित अनुगमन तथा निरीक्षण गर्न सक्ने व्यवस्था छ।पालिकाले गो भौ नं ३३, २०८१।९।२० मा रू २४०००० र गो भौ नं १, २०८२।३।२४ स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम शीर्षकबाट रू २९०००० र गो भौ नं ३, २०८२।३।२४ स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमबाट रू ३०००० खर्च लेखेको छ।

यो वर्ष पालिकाबाट कार्यविधिमा तोकिएकामुटु, क्यान्सर, पार्किङ्सन, मेरुदण्ड भाचिएको, मृगौला प्रत्यारोपण र डाइलासिस रोगीहरुलाई रू.५६०००० उपचार खर्च वापत भुक्तानी भएको छ। उक्त लाभग्राहीले प्राप्त गरिरहेका उपचारको खर्चको सम्बन्धमा कार्यविधिको बुँदा नं. ८ बमोजिम अनुगमन भएको अभिलेख देखिएन जसले गर्दा बुँदा नं. ७ बमोजिम यस्तो सुविधा पाउने या नपाउने सम्बन्धी परीक्षण गर्न सकिएन।मृगौता प्रत्यारोपण गरेका, डाइलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरूदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ बुँदा २(ख)मा लक्षित समुहको परिभाषामा मृगौला प्रत्यारोपण गराएका, डायलायसिस गराइरहेका र क्यान्सर रोग पहिचान चिकित्सकले तीन-तीन महिना भित्र निरन्तर निरानीमा (close follow up) राखेका व्यक्ति लाभग्राहीको सूचिभित्र पर्ने उल्लेख छ।यस सम्बन्धमा क्यान्सर रोगीले लिएको सहायका सम्बन्धमा close follow up प्रमाण पेश भएको देखिएन।तसर्थ पालिकाले कार्यविधि पालनामा जोड दिदै प्रमाण पेश गर्नुपर्ने रू

प्रमाण पेश नगरेको	५,१५,०००

(विस्तृत विवरण बेरूजु दफा ३४.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३४.४ **भ्रमण आदेश र भुक्तानीः**

स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा ७३ मा आर्थिक अधिकार र भ्रमण बिल स्वीकृत गर्न अधिकरा प्र प्र अ लाई हुने व्यवस्था छ। भौ नं. २८०, २०८२।१२।२१ बाट प्रजनन स्वास्थ्य सम्बन्धि अभिमूखिकरण कार्यक्रमको तालिम शीर्षकमा भएको कुल खर्च रू ७५०००।०० मध्ये अधिकार प्राप्त नभएका व्यक्तिबाट जारी भएको भ्रमण आदेश र स्वीकृत नभएको भ्रमण विलबाट भुक्तानी भएको नियमित गर्नुपर्ने रू

क्र.सं.	नाम थर	पद	नियमित गर्नुपर्ने रकम रु	कैफियत
१	आशा कुमारी यादव	अ न मी	५१००।००	
२	रगु सुनार	सि अ हे व	५१००।००	
३	राधिका सिंह	अ न मी	५१००।००	
४	जेनिसा रावल	अ न मी	५१००।००	
५	डम्मरा सिंह	अ न मी	५१००।००	
६	पूर्णमाया नगरी	अ न मी	५९००।००	
७	तुलसी नेपली		५९००।००	
	जम्मा रू		३७३००।००	

अनियमित भएको	३७,३००

३४.५ **औषधी खरिदः**

पालिकाकालाई आवश्यक पर्ने औषधिपालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण एकिन गरी वार्षिक आवश्यकताको परिणाम तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ।सार्वजनिक

खरिद नियमावली,२०६४ को नियम ८५को १ (ख)मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी तोकिएको सीमा भन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनीवा संस्थाबाट सोझै खरिद गर्न सकिने छैन भन्ने उल्लेख छ।साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा १(ख)को (२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ।उपलब्ध भएका विल भौचर अनुसारको नमूना परीक्षण गर्दा यसवर्ष पालिकाले सार्वजनिक खरिद ऐन ,२०६३ र नियमावली २०६४ को व्यवस्था विपरित तपसिलको सप्लायर्सबाट आ व २०८१।८२ मा दुई पटक गरी रू १४३४३००।०० को औषधी खरिद गरेको देखिन्छ। ।साथै पालिकाले मिति २०८१।९।२३ मा e-bid मार्फत औषधी खरिद प्रक्रिया सुरू भइसकेको अवस्थामा सोझै खरिद मार्फत औषधी खरिद गरेको समेत देखिन्छ।यस प्रकारको कार्य मितव्ययीता र नियमितताको दृष्टिले उपयुक्त मान्न सकिएन।तसर्थ पालिकाले यस प्रकारको कार्य नियन्त्रण गरी नियम सम्मत, मितव्ययी र औचित्यपूर्ण तरिकाले औषधी खरिद गर्नुपर्दछ।

क्र.सं.	गो भौ नं	मिति	सप्लायर्स	रकम	कैफियत
१	२१९	२०८२।११।१३	गोदावरी मेडिसिन सप्लार्यस गोदावरी २ कैलाली	८८४८००।००	सोझै खरिद
२	१०८	२०८२।२।१०	गोदावरी मेडिसिन सप्लार्यस गोदावरी २ कैलाली	५४९५००।००	सोझै खरिद
जम्मा				१४३४३००।००	
३	१३६	२०८२।३।५	ग्लोलव ड्रग सप्लायर्स	८४४८९२।००	e-biding
जम्मा				२२७९१९२।००	

आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि औषधि Self life को कम्तिमा ३/४ भाग अवधि बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लिखित सबै विवरण खुलाउनुपर्दछ।पालिकाले यस वर्ष औषधि खरिदमा रू २२७९१९२।०० (अक्षेरपी बाइस लाख उनासी हजार एक सय बयानब्बे रूपैया) खर्च गरेको देखिन्छ। आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेख गर्नुपर्ने सूचना पूर्ण रुपमा उल्लेख गरेको अभिलेखमा भिडेन।औषधिको खरिदमा औषधिको self life को कम्तिमा ३/४ भाग हुनुपर्नेमा सो सम्बन्धि विवरण अभिलेबाट प्राप्त गर्न सकिएन।तसर्थ औषधि खरिद गर्दा पालिकाले न्यूनतम मापदण्डको पालना नगरेको देखिन्छ।साथै औषधि खरिद भइसकेपछि प्राप्त औषधिको सम्बन्धमा विज्ञ सहितले आवश्यक निरिक्षण गरि एकिन गरेको भन्ने अभिलेख समेत देखिएन।अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई नियमित र व्यवस्थित बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

३४.६ फरक शीर्षकमा भुक्तानीः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१) सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नु पर्ने व्यवस्था छ। त्यसैगरी एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या,२०७४ अनुसार तोकिए बमोजिमका शीर्षकमा खर्च लेखाङ्कन गर्नुपर्ने व्यवस्था छ। उपलब्ध विवरणको नमूना परीक्षण गर्दा पालिकाले गो भौ नं १७६ मिति २०८२।३।१७ बाट विद्यार्थी दिवा खाजा अनुदान शीर्षकको रकम शिक्षकको अपुग तलब भुक्तानीमा रू १५८०९१४०।०० खर्च गरेको देखियो।नियम विपरित फरक शीर्षकमा खर्च गर्ने कार्यलाई कार्यालयले नियन्त्रण गरी प्रचलति कानुनको पालनामा जोड दिई उक्त खर्च नियमित गर्नुपर्ने रू

अनियमित भएको	३६,९९,८४०.९

३५ **कृषि तथा पशु**

३५.१ **बैंक खातामा भुक्तानीः**

स्थानीय तहका सशर्त वित्तीय हस्तान्तरित कृषि तथा पशुपन्छि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ को बुँदा नं ९ मा अनुदान रकम सोझै लाभग्राहीको बैंकखातामा जम्मा हुने गरी भुक्तानी गरिनेछ भन्ने उल्लेख छ। पालिकाले उल्लेखित व्यवस्था विपरित सम्बन्धित वडाका प्राविधिक मार्फत कृषकलाई भरपाई गराई भुक्तानी गरेको देखिन्छ। तसर्थ पालिकाले कार्यविधि अनुसार सम्बन्धित लाभग्राहीको बैंक खातामा जम्मा हुने गरी भुक्तानी गर्ने व्यवस्था मिलाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

३५.२ **अनुगमन व्यवस्थापन** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६ को (ख) मा पालिकाबाट संचालित कार्यक्रम तथा आयोजनाको अनुगमन तथा सुपरिवेक्षण गर्न पालिकाको उपप्रमुख वा उपाध्यक्षको संयोजकत्वमा अनुगमन तथा सुपरिवेक्षण समिति रहने व्यवस्था छ।पालिकाबाट संचालित कृषि तथा पशु, शिक्षा, लघुउद्यम तथा अन्य कार्यक्रमहरुको ऐनले तोकेको अनुगमन समिति मार्फत अनुगमन नभई अन्तिम भुक्तानी भएको पाइन्छ।यसरी ऐनले तोकेको व्यवस्था बमोजिम अनुगमन तथा सुपरिवेक्षण गरी अन्तिम भुक्तानी गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

३५.३ **मापदण्ड विपरित अनुदान वितरणः**

सुदूरपश्चिम प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय, धनगढीको च.नं. ३२६, मिति २०८१।८। १९,"आ.व. २०८१।८२ को वित्तीयहस्तान्तरण बजेट कार्यान्वयन सम्बन्धमा विषयक"को पत्राको क(अ) को १ मा एक पालिका एक नमूना नगदेवाली (फलफूल) प्रवर्धद्द कार्यक्रम सञ्चालन गर्न कुनै सामुहिक संस्था वा व्यक्तिल् कम्तिमा ५०० वटा वा सो भन्दा बढी एक नगदे फलफूल विरूवा चक्लावन्दी गरी एकै स्थानमा लगाएका कृषि बालीमा आवश्यक सिंचाइको व्यवस्था गर्नुपर्नेछ भनी उल्लेख छ।

सायल गाउँकार्यपालिकाको मिति २०८२ बैशाख १६ गतेको कार्यपालिका बैठकको निर्णय नं ७ मा एक पालिका एक नमूना नगदेवाली प्रवर्धनको लागि कृषि र सैचाईमा सहकार्य कार्यक्रमका लागि समुह छनौट गरी अनुदान दिने निर्णय गरेको छ। मन्त्रालयको पत्र तथा मापदण्ड भन्दा फरक निर्णय गरी पालिकाले तपशिलका ९ वटा फर्म\ समूहलाई तपसिल बमोजिमका गो भौ नं र मितिबाट भुक्तानी गरेको छ।पालकाले मापदण्ड विपरित भुक्तानी दिएको नियमित गर्नुपर्ने रू

क्र.स.	गौ. भौचर नं.	भुक्तानी मिति	समूह/ फर्मको नाम	भुक्तानी गरेको रकम	कैफियत
१	५२	२०८२/३/२३	सुरेश कृषि तथा पशुपन्छी फर्म	८४९५०।	
२	४९	२०८२/३/२३	देउखोला कृषक समूह	१९२०००।	
३	४५	२०८२/३/२१	कालिका बहुउद्देश्य कृषक समूह	१९८८००।	
४	३९	२०८२/३/२०	ईश्वर कृषि तथा पशुपन्छी फर्म	४१९००।	
५	३८	२०८२/३/२०	खुशी कृषि तथा पशुपन्छी फर्म	८८४५०।	
६	३७	२०८२/३/२०	गणेश कृषि तथा पशुपन्छी फर्म	७५०९०।	
७	३६	२०८२/३/२०	नवादेव कृषि तथा फलफुत तथा नर्सरी उद्योग	११८४००।	
८	३१	२०८२/३/११	गोलेश्वरी कृषि तथा पशुपन्छी फर्म	४७६४०।	
९	२८	२०८२/३/०८	शैम जराड केदार कृषि तथा पशुपन्छी फर्म	११४५८३।	
	जम्मा			९६१८१३	

अनियमित भएको	९,६१,८१३

३५.४ **सम्पर्क व्यक्तिलाई दैनिक भ्रमण भत्ताः**

किसान सूचीरकण कार्यमा संलग्न सहजकर्ता र सम्पर्क व्यक्तिको सेवा सुविधा सम्बन्धी खर्चको मापदण्ड (नर्म्स), २०८२ को बुँदा नं. ३ मा सम्पर्क व्यक्तिहरूलाई नियमानुसारको यातायात, सञ्चार तथा खाजा खर्च उपलब्ध गराउने व्यवस्था छ।दैनिक भ्रमण भत्ता दिने व्यवस्था भएको दखिदैन।पालिकाले किसान सूचिकरण कार्यमा सम्पर्क व्यक्तिको रूपमा खटिएका प्रा.स. तेज थापालाई गो भौ नं १४४ मिति २०८२।३।११ बाट ३.२५ दिनको दैनिक भ्रमण भत्ता भुक्तानी गरेको देखिन्छ।नर्म्स विपरित दिएको दैनिक भ्रमण भत्ता असुल गर्नुपर्ने रू

असुल गर्नुपर्ने	३,९००

३६ **समाजिक सुरक्षातर्फ**

३६.१ **सामाजिक सुरक्षा भत्ताको विवरणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। पालिकाले आ.व. २०८१।८२ मा १० वटा वडामा सामाजिक सुरक्षा भत्ता वितरण Electronic Fund Transfer बाट गरिएको छ। सामाजिक सुरक्षा भत्ता वितरणको System बाट दिइएको विवरण निम्नानुसार रहेको छ।

वडान	पहिलो किस्ता	दोस्रो किस्ता	तेर्सो किस्ता	चौथो किस्त्ता	कुल जम्मा
१	३४५१७४१।००	३४८४३३६।००	३५७१३३३।००	३४४३४०२।००	१३९५०८१२।००
२	२८७०८०१।००	२९५०५८४।००	२९५३७३६।००	२८४६९८१।००	११६२२१०२।००
३	३८९३२६०।००	३८२८४३४।००	३८५९२६५।००	३७३७४५३।००	१५३१८४१२।००
४	४०८७२८२।००	४०२८९६४।००	४३८५२३६।००	३९१८०५३।००	१६४१९५३५।००
५	३४९७०९७।००	३५६२९६९।००	३५९८०३५।००	३६०३६६२।००	१४२६१७६३।००
६	३५९७८२२।००	३६८८०९६।००	३९९४८९२।००	५१५७९००।६२	१६४३८७१०।६२
जम्मा	२१३९७९७३।००	२१५४३३८३।००	२२३६२४९७।००	३३४२५९९।६२	९८७४६४५२।६२

सैद्धान्तिक बेरुजु

३६.२ **पार्किङ खाताको रकमः** सामाजिक सुरक्षा भत्ताको विवरणः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ मा सामाजिक सुरक्षा कार्यविधि अनुसार खाता खोलेको मिति देखि हालसम्म तथा आर्थिक वर्षको अन्तसम्म एक पटक पनि कारोबार नगर्ने लाभग्राहीको खाताको विवरण तयार गरे नगरेको, स्थानीय तहबाट डमी एकाउन्ट खोलिएको लाभग्राहीबाट केवाईसी अपडेट समेत नभएको खातमा जम्मा भएको रकम तथा जि एल एकाउण्ट बैक/ parking account) बाट फिर्ता लिई संघीय संचितको दाखिला गरे नगरेको हेर्ने व्यवस्था छ। पालिकाको नविल बैंक लिमिटेड मा रु. ९१२८२।१० को parking account मा रहेकाले सो रकम सामाजिक सुरक्षामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	९१,२८२.१

३६.३ **निरीक्षण तथा अनुगमन** ः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम नेपाल सरकारको संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित, केन्द्रीय पञ्जीकरण विभागले बिशेष सूचक बनाइ तथा जिल्ला समन्वय समितिको कार्यालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएतापनि यस वर्ष सम्बन्धित निकायले कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरेको पाइएन। पालिकाले कार्यविधि बमोजिम सामाजिक सुरक्षा भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

अनुगमन लेखापरीक्षण

३७ बेरुज लगत र सम्परीक्षण

(क) सम्परीक्षण :- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औंल्याइएका बेरुजु सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फस्र्यौट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजुसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारीको हुने उल्लेख छ । कार्यालयले २०८१ आषाढसम्मको बाँकी बेरुजु रु. १२२३३२३१०।०० मध्ये फस्र्यौट गरी सम्परीक्षणका लागि म्यानुअल/ नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली मार्फत अनुरोध गरेमा उक्त बेरुजु सम्परीक्षणको क्रममा रहेको छ। सम्परीक्षण सम्बन्धमा उक्त प्रणाली मार्फत जानकारी गराइनेछ ।

(ख) अध्यावधिक बेरुजुको अवस्थाः यस गाउँपालिकाको २०८२ आषाढसम्मको फस्र्यौट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको सम्परीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु सम्परीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

सि.नं	गत वर्षसम्मको बाँकी बेरुजु (A)	यो वर्ष सम्परीक्षण गरिएको बेरुजु(B)	यो वर्ष कायम बेरुजु(C)	सम्परीक्षणबाट कायम बेरुजु(D)	अध्यावधिक बाँकी बेरुजु (E=A-B+C+D)
१	१२२३३२३१०।००	०	३२८९५६९२।४०	०	१५५२२८००२।४०

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : सायल गाउँपालिका, डोटी , डोटी

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	विजय कुमार चौधरी	२०८०-८-१०	२०८१-६-२
कार्यालय प्रमुख	बद्री नाथ पोखरेल	२०८१-६-३	हाल सम्म कार्यरत
लेखा प्रमुख	हरि प्रसाद जोशी	२०७९-२-४	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१६१,१४४	१८,९६५,२४६.९	४,६७३,३०१.५	०	०	९,०९६,०००
				जम्मा बेरुजु रकम	३२,८९५,६९२.४
				लेखापरीक्षणको क्रममा असुली रु	०

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		७५२९२३१.५४	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	२१७३५८७८२.२३	**चालु खर्च**	२५१३१९६३७.८८
प्रदेश सरकारबाट अनुदान	२३२७१७६१	**पूँजीगत खर्च**	७७३४४५६८

राजश्व बाँडफाँट	८३१२६६८७.८७	वित्तीय/अन्य व्यवस्था	१०१६१३०७९.१३
आन्तरिक आय	५०८३७९६.०५		
अन्य आय	१०२६३०४४०.०४		
कुल आय	४३१४७१४६७.१९	कुल खर्च	४३०२७७२८५.०१
बाँकी मौज्दात		८७२३४१३.७२	

अनुसूची - २

सि. नं.	लेखापरीक्षण क्षेत्र	लेखापरीक्षण गरिएका विषय
१	चालु खर्च	खर्च परीक्षण
२	पुँजीगत खर्च	ठेक्का व्यवस्थापन
३	आन्तरिक आय	आन्तरिक आयतर्फ
४	धरौटी तथा कोष	कोष तथा धरौटी
५	आन्तरिक नियन्त्रण	योजना तर्जुमा, बजेट तथा कार्यक्रम
६	सशर्त अनुदान	स्वास्थ्यतर्फ
७	सामाजिक सुरक्षा	सामाजिक सुरक्षातर्फ

बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

सायल गाउँपालिका डोटी								
आ.व. : २०८१/८२ (अवधि : २०८१/०४/०१ - २०८२/०३/३२)								
प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)								
क्र.स./आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		८,३५,५०,६६७.९२	०	८,३५,५०,६६७.९२	७,४५,९७,८६२.२८	०	७,४५,९७,८६२.२८
१३०००	अनुदान		२४,०६,३०,५४३.२३	०	२४,०६,३०,५४३.२३	२३,४०,००,८१५.७९	०	२३,४०,००,८१५.७९
१४०००	अन्य राजस्व		४७,११,८३१.११	०	४७,११,८३१.११	२५,०८,४१५.३१	०	२५,०८,४१५.३१
१५०००	विविध प्राप्ति		५७,०७९.००	०	५७,०७९.००	१,७५,०००.००	०	१,७५,०००.००
क	कुल जम्मा प्राप्ति		३२,८९,५०,१२१.२६		३२,८९,५०,१२१.२६	३१,१२,८२,०९३.३८		३१,१२,८२,०९३.३८
३	चालु		२५,१३,१९,६३७.८८	०	२५,१३,१९,६३७.८८	२५,४२,०६,५७५.८८	०	२५,४२,०६,५७५.८८
२१०००	पारिश्रमिक / सुविधा		१५,७८,४५,९९९.७२	०	१५,७८,४५,९९९.७२	१०,५९,८६,२५०.६८	०	१०,५९,८६,२५०.६८
२२०००	मालसामान तथा सेवाको उपयोग		९,१०,३१,२५५.१६	०	९,१०,३१,२५५.१६	११,९८,०३,३७२.५५	०	११,९८,०३,३७२.५५
२५०००	सहायता (Subsidy)		०	०	०	३०,३७,२१४.००	०	३०,३७,२१४.००
२६०००	अनुदान		०	०	०	३२,९३,०५४.००	०	३२,९३,०५४.००
२७०००	सामाजिक सुरक्षा		५,१६,१८३.००	०	५,१६,१८३.००	१,७९,९१,१८९.६५	०	१,७९,९१,१८९.६५
२८०००	अन्य खर्च		१९,२६,२००.००	०	१९,२६,२००.००	४०,९५,४९५.००	०	४०,९५,४९५.००
४	पूंजीगत		७,७३,४४,५६८.००	०	७,७३,४४,५६८.००	८,८५,१६,३७७.७०	०	८,८५,१६,३७७.७०
३१११०	भवन तथा संरचना		०	०	०	४१,१७,६९४.००	०	४१,१७,६९४.००

३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		६०,८०,१९५.००	०	६०,८०,१९५.००	६४,८१,१६०.००	०	६४,८१,१६०.००
३११३०	अन्य पूँजीगत खर्च		१,७४,८५०.००	०	१,७४,८५०.००	३६,९८,६०९.००	०	३६,९८,६०९.००
३११४०	सुरक्षा उपकरण		९६,०००.००	०	९६,०००.००	०	०	०
३११५०	सार्वजनिक निर्माण		६,३४,१५,७१०.००	०	६,३४,१५,७१०.००	६,५८,८४,८८५.७०	०	६,५८,८४,८८५.७०
३११६०	निर्मितसरचनाको सुधार खर्च		२३,८३,७२५.००	०	२३,८३,७२५.००	१८,५०,५६३.००	०	१८,५०,५६३.००
३११७०	पूँजीगत सुधार खर्च		१८,४४,४३६.००	०	१८,४४,४३६.००	५९,८३,४६६.००	०	५९,८३,४६६.००
३१२२०	मौज्दात सामानहरु		२१,१९,१८०.००	०	२१,१९,१८०.००	०	०	०
३१३१०	बहुमूल्य सामानहरु		११,९०,४७२.००	०	११,९०,४७२.००	०	०	०
३१४१०	जग्गाप्राप्ति खर्च		४०,०००.००	०	४०,०००.००	५,००,०००.००	०	५,००,०००.००
ख)	कुल जम्मा भुक्तानी		३२,८६,६४,२०५.८८		३२,८६,६४,२०५.८८	३४,२७,२२,९५३.५८		३४,२७,२२,९५३.५८
ग)	बचत /कमी (ग = क-ख)		२,८५,९१५.३८		२,८५,९१५.३८	(३,१४,४०,८६०.२०)		(३,१४,४०,८६०.२०)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)		९,०८,२६६.८०		९,०८,२६६.८०	(४,५५,१०९.०२)		(४,५५,१०९.०२)
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी					(१०,४९,७२२.००)		(१०,४९,७२२.००)
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		११,९४,१८२.१८		११,९४,१८२.१८	(३,१८,९५,९६९.२२)		(३,१८,९५,९६९.२२)
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		७५,२९,२३१.५४		७५,२९,२३१.५४	३,९४,२५,२००.७६		३,९४,२५,२००.७६
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन							
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		८७,२३,४१३.७२		८७,२३,४१३.७२	७५,२९,२३१.५४		७५,२९,२३१.५४

बेरूजु दफा ३३.५ सँग सम्बन्धित विवरण - अनुसूची -४

क्र सं	विद्यालयको नाम	ठेगाना	विद्यार्थी सङ्ख्या	शिक्षक			शिक्षक विद्यार्थी अनुपात
				स्थायी	राहत	जम्मा	
१	छपाली माद्यमिक विद्यालय छपाली	सायल १	348	5	3	8	44
२	भवानी माद्यमिक विद्यालय लुसाकोट	सायल २	321	10	3	13	25
३	भवानीस्थान माद्यमिक विद्यालय सैनगाउँ	सायल ३	346	2	4	6	58
४	जनता जनार्दन माद्यमिक विद्यालय बसै	सायल ४	380	6	3	9	42
५	कालिका माद्यमिक विद्यालय डुमरी	सायल ५	207	5	1	6	35
६	महाकाली माद्यमिक विद्यालय अलैतवाडा	सायल ६	295	3	2	5	59
७	हिमालय माद्यमिक विद्यालय दल्लेख	सायल ६	375	3	2	5	75
८	कालिका आधारभूत विद्यालय कौराडी	सायल १	130	6	0	6	22
९	तामेश्वरी आधारभूत विद्यालय सिर्मा	सायल २	141	2	2	4	35
१०	केदारेश्वर आधारभूत विद्यालय साप्रा	सायल ३	127	2	1	3	42
११	भवानी आधारभूत विद्यालय भल्मा	सायल ४	149	2	2	4	37
१२	ओम आधारभूत विद्यालय सुण्ड	सायल ५	214	3	1	4	54
१३	कालिका आधारभूत विद्यालय खट्गडा	सायल २	74	3	0	3	25
१४	खव्तड आधारभूत विद्यालय बेटारा	सायल ३	69	3	0	3	23

१५	भवानी ऐक्वायर आधारभूत विद्यालय पानिखाल	सायल ३	108	2	1	3	36
१६	देवि आधारभूत विद्यालय सेल्धारा	सायल ३	86	1	2	3	29
१७	कालिका आधारभूत विद्यालय कम्छडा	सायल ३	57	1	1	2	29
१८	नमादेव आधारभूत विद्यालय कचाली	सायल ३	56	1	1	2	28
१९	कालाढुङ्गा आधारभूत विद्यालय डौड	सायल ४	70	1	2	3	23
२०	कालिका आधारभूत विद्यालय कोटघङ्गारे	सायल ४	69	1	2	3	23
२१	अध्वेश्वरी आधारभूत विद्यालय घोगातल	सायल ५	75	2	0	2	38
२२	देउखला आधारभूत विद्यालय बिरलकाँडा	सायल ६	63	1	2	3	21
२३	महादेव आधारभूत विद्यालय कुसेना	सायल १	11	1	1	2	6
२४	तेडीमहादेव आधारभूत विद्यालय पुजारागाउँ	सायल १	26	0	1	1	26
२५	भवानी आधारभूत विद्यालय न्वाघर	सायल १	61	०	0	0	0
२६	तेडी आधारभूत विद्यालय लुसाकोट	सायल २	44	०	0	0	0
२७	गोलेश्वरी आधारभूत विद्यालय पातल	सायल ४	46	०	0	0	0
२८	बालज्योती आधारभूत विद्यालय देवारमान्डौं	सायल ५	40	०	0	0	0
२९	महादेव आधारभूत विद्यालय स्वाँडा	सायल ६	100	0	0	0	0
			4088	66	37	103	40

बेरूजु दफा ३३.१० सँग सम्बन्धित विवरण - अनुसूची -५

क सं	विद्यालय अनुदान प्रकार	विद्यालय संख्या	अनुदान रकम रू	कैफियत
१	गणित विज्ञान अंग्रेजी शिक्षण अनुदान मा वि तह ९ देखि १०	४	३७४९६५४	९ दरवन्दी
२	गणित विज्ञान अंग्रेजी शिक्षण अनुदान आ वि तह ६ देखि ८	४	१६७२३१०	४ दरवन्दी
३	एकमुष्ठ अनुदान	४	४००००००	
४	दिवा खाजा खर्च अनुदान	२९	७६२७३२४	८ समुदायिक वालविकास केन्द्र
५	कार्य सम्पादनमा आधारित अनुदान	0	0	निकासा नभएको
६	ईण्टरनेट जडान शुल्क अनुदान	२९	४०९०००	
७	छात्रवृत्ति अनुदान	२९	७६४४००	
८	निशुल्क पाठ्यपुस्तक अनुदान	२९	३१८८२२८	
९	शिकाई केन्द्र अनुदान	२	३०००००	१ रिक्त
१०	वाल विकास पिसिएफ अनुदान	३८	४८५०००	970 जना
११	विद्यालय सञ्चालन व्यवस्थापन अनुदान	२९	५२५०००	
१२	प्रति विद्यार्थी लागत (प्रविधिक धार समेत)		१५११५००	
१३	पालिका शिक्षण सहजकर्ता अनुदान	२९	९७९१९००	
१४	पालिकावाट थप तभ निकासा	३३	४८५७०००	१ वालविकास सहित
१५	स्थायी शिक्षक राहत तथा प्रशिक्षक तभ	२९	६२३४६२४८	
१६	वालविकास र कर्मचारी त भ	29	७३८५५००	

	जम्मा	३१७	१०८६१३०६४	

बेरूजु दफा ३४.३ सँग सम्बन्धित विवरण - अनुसूची -६

क्रं.सं	विरामीको नाम	रोगको प्रकार	भुक्तानी महिना	रकम रू	प्रमाण पेश अवस्था	कैफियत
१	जनकला देवि सिंह	क्यान्सर	१२	६००००	close follow up पेश नभएको	
२	कलुदेवि साउद	क्यान्सर	१२	६००००	close follow up पेश नभएको	
३	बल बहादुर पुजारा	क्यान्सर	१२	६००००	close follow up पेश नभएको	
४	पठान भुल	मृगौला समस्या	१२	६००००	रोग लागेको पुष्टि हुने डाक्टरबाट प्रमाणित कागज पेश नभएको	प्रमाण पेश गर्ने
५	कुमारी निर्मला चन्द	क्यान्सर	१२	६००००	close follow up पेश नभएको	
६	कालि विष्ट	क्यान्सर	१२	६००००	close follow up पेश नभएको	साउन देखि असार
७	खगेन्द्र लुहार	क्यान्सर	१२	६००००	रोग लागेको पुष्टि हुने डाक्टरबाट प्रमाणित कागज नभएको	प्रमाण पेश गर्ने
८	कृष्ण बहादुर बयाडी	मृगौला प्रत्यारोपण	१२	६००००	close follow up पेश नभएको	
९	लाल बहादुर डुम्रेल	क्यान्सर	३	१५०००		बैशाख देखि असार
१०	गितादेवी खाती	क्यान्सर	५	२५०००	close follow up पेश नभएको	फागुन देखि असार
११	इसरा देवि भुल	क्यान्सर	२	१००००		जेठ देखि असार
१२	बल बहादुर सिंह	क्यान्सर	६	३००००	close follow up पेश नभएको	साउन देखि पुस
	जम्मा			५६००००		